**जाडोको समयमा चीसोबाट बचौं**
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा प्रातःभ्रमण नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ ०८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 22 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४३

## राममन्दिर उद्घाटनलाई लिएर पर्सामा भव्य सजावट

प्रस, वीरगंज, ७ माघ/
भारतको अयोध्यामा सोमवार माघ ८ गते जनवरी २२ तारिखका दिन हुने राममन्दिर उद्घाटनलाई लिएर पर्सा जिल्लामा पनि धूमधामका साथ तयारी भएको छ ।

एक सातादेखि पर्सा जिल्लाका विभिन्न पालिकाहरूमा यसको तयारी भएको हो । अहिले वीरगंज महानगरपालिकाको घण्टाघरदेखि बिर्तासम्मको मेनरोडका पसल, घरहरूमा रामनामी झन्डा झुन्ड्याइएको छ । यसैगरी, घण्टाघरदेखि बिर्तासम्म मेनरोडका दुवैतर्फका पोलहरूमा झालरबत्ती राखेर सडक झिलीमिली गरिएको छ । माईस्थानको गहवामाई मन्दिर परिसरमा अहिले रामनामी झन्डाको बिक्री बढेको छ। एक सातादेखि झन्डाको बिक्री बढेपछि व्यापारीहरूले मूल्य पनि बढाएका छन्। मोटरसाइकलमा राखिने दुईवटा झन्डाको रु १२०, पसलमा झुन्ड्याइने झन्डाको रु १२० र ठूलो झन्डाको रु एक हजारसम्ममा बिक्री भइरहेको छ। मोटरसाइकल, ईरिक्शा, टेम्पो, कार, साइकल आदिमा पनि झन्डा झुन्ड्याएर हिंड्नेहरूको सङ्ख्या बढेको छ ।

यसैबीच, वीरगंज महानगरपालिकाले वीरगंज-१० घडीअर्वास्थित रामजानकी मन्दिरमा राम भगवान्को प्रतिमाको प्राणप्रतिष्ठान सोही दिन गर्दैछ। यसलाई लक्षित गरेर पनि सो क्षेत्रमा झन्डा झुन्ड्याउने, सडक झिलीमिली गरिएको छ। रामजानकी मन्दिरमा तीन दिनदेखि भक्तजनहरूको भीड बढेको छ ।


वीरगंज महानगरको गहवामाई मन्दिर र पोखरिया नगरपालिकामा रामनामी झन्डा, तस्बिर बिक्री गर्दै र घर, पसलहरूमा झुन्ड्याइएका झन्डा । तस्वीरः प्रतीक

*धर्मेन्द्र चौरसिया, पोखरिया/*
पोखरिया नगरपालिकामा पनि सोमवार भारतको अयोध्यामा हुने राममन्दिर उद्घाटनको विषयलाई लिएर ठूलो तयारी भएको छ । पोखरियाको बजार क्षेत्र र आसपासका टोलहरूमा रामनामी झन्डा झुन्ड्याउनुका साथै घर लिपपोत, मन्दिर सरसफाइ गर्ने कार्य भइरहेको छ । दीपावली, छठमा झैं मानिसहरूले घर सरसफाइ गर्ने, लिपपोत, रङ्गरोगनजस्ता कार्यहरू गरेका छन् ।

## पूर्वराजाद्वारा गहवामाई मन्दिरमा पूजा

प्रस, वीरगंज, ७ माघ/
पूर्वराजा ज्ञानेन्द्र शाहले आइतवार बिहान गहवामाई मन्दिरमा आएर पूजाअर्चना गरेका छन् ।


तस्वीरः प्रतीक

पुसको अन्तिम सातादेखि सिमरामा बसेका पूर्वराजा शाह आज पूर्वतयारीविना गहवामाई मन्दिरमा आएर सर्वसाधारणसरह दर्शन गरी पूजाअर्चना गरेका थिए ।

उनी आफ्नो निजी कारमा आएका र मुख्य सडकमा गाडी पार्किङ गरी मन्दिर दर्शन गर्न गएका थिए। पूर्वराजा शाह सर्वसाधारणसरह भक्तजनहरूसँग लाइन लागेर पूजा गरेका र टीका लगाएर फर्कने क्रममा उनको पहिचान खुलेपछि सर्वसाधारणले स्वागत गरेका थिए ।

छोरी प्रेरणा शाहसँग आएका उनले पुजारीको हातबाट टीका थापेपछि सर्वसाधारणले पूर्वराजा आएको थाहा पाएका थिए। त्यसपछि सो ठाउँमा भीड नै लागेको थियो र सुरक्षाकर्मीहरू परिचालित भएका थिए ।

यही माघ १३ गते पूर्वराजा ज्ञानेन्द्रलाई वीरगंजमा नागरिक अभिनन्दन गर्ने कार्यक्रम तय छ। यसअघि उनले मधेस प्रदेशका विभिन्न धार्मिकस्थलहरूमा पूजाअर्चना गर्दै आएका छन् ।

## नूर अहमदलाई झन्डा सिउन भ्याइनभ्याइ

वीरगंजको गहवा निवासी नूर महमदलाई आजभोलि रामनामी झन्डा सिउन व्यस्त छन् । विगत सात दिनदेखि उनलाई झन्डा सिउन भ्याइनभ्याइ भएको छ।

महावीर मन्दिरनिर दश तले भवननजीकै फूटपाथमा लामो समयदेखि सिलाइ गर्दै आएका नूर महमद अहिले 'जय श्रीराम' लेखिएको झन्डा सिउन व्यस्त छन् । मानिसहरू घरपसल, होटल तथा सवारीसाधनहरूमा रामनामी झन्डा लगाउन उनको पसलमा आउने गरेका छन् ।

नूर महमदले झन्डा सिलाइबापत शुल्क नमागे पनि आफूखुशी दिनेहरू धेरै छन् । उनले मानिसहरूले आफूखुशी शुल्क दिएकाले कमाइ पनि बढेको बताए ।

उनले भने, "हिन्दू-मुस्लिम दाइभाइ हुन्, मिलेर बस्नुपर्छ, भेदभाव त पाखण्डीहरूले मात्र गर्छन् ।" उनले आफू मुस्लिम समुदायको भएपनि हिन्दू धर्मावलम्बीहरूको झन्डा सिलाउन पाउँदा गर्व लागेको बताए ।



## मोटरसाइकल दुर्घटनामा दुईजना युवकको मृत्यु

प्रस, वीरगंज, ७ माघ/
मोटरसाइकल दुर्घटनामा आइतवार बिहान दुईजना युवकको घटनास्थलमैं मृत्यु भएको छ ।

वीरगंज-१५ भिस्वास्थित जिल्ला आयुर्वेद अस्पतालनजीकैको सडकमा प्रदेश २-०३-०२१ प ५४३२ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा नेशनल मेडिकल कलेज, वीरगंजमा अध्यनरत बारा, हर्दिया निवासी २३ वर्षीय सन्दीप यादव र धनुषाको सबैला निवासी २३ वर्षीय सुमीत यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताए ।

दुवैजना वीरगंजको नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा एमबिबिएस अध्यनरत विद्यार्थी रहेको उनले बताए ।


तस्वीरः प्रतीक

भिस्वाबाट भेडियाही जाने बाटोमा उक्त मोटरसाइकल अनियन्त्रित भएर दुर्घटनामा परेको प्रनाउ थापाले बताए । दुवैजनाको शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा लगिएको छ।

## छोटकरी

### पोखरियामा माछामासु र मदिराजन्य पदार्थको बिक्री वितरण बन्द

दिनेश मिश्र, वीरगंज, ७ माघ/
पोखरिया नगरपालिका कार्यालयले सोमवार पालिकामा पशुपक्षी तथा जीवजन्तुको वध र माछामासु तथा मदिराजन्य पदार्थको बिक्री वितरणमा रोक लगाएको छ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत अजयकुमार श्रीवास्तवले विज्ञप्ति जारी गरी मित्रराष्ट्र भारतको अयोध्यामा सोमवार राममन्दिरको उद्घाटन कार्यक्रम रहेकोले पशुपक्षी, जीवजन्तुको वध तथा मदिराजन्य पदार्थको बिक्री वितरणमा रोक लगाइएको बताए । उनले सो दिन पालिकामा दीप प्रज्वलन गर्न पनि आग्रह गरेका छन् ।

यसअघि पोनपा-४ का अध्यक्ष लछुमनसाह कानूले आफ्नो वडामा आइतवार र सोमवार पशुपक्षी, जीवजन्तुको वध र मदिराजन्य पदार्थको बिक्री वितरणमा रोक लगाएका थिए ।

## धार्मिकस्थलमा सरसफाइ, पूजापाठ शुरू



तस्वीरः प्रतीक

प्रस, रौतहट, ७ माघ/
रौतहटका विभिन्न मन्दिरहरूमा पूजापाठ तथा सरसफाइ आइतवारदेखि शुरू भएको छ ।

माघ ८ गते सोमवार मित्रराष्ट्र भारतको अयोध्यामा नवनिर्मित राममन्दिरको प्राणप्रतिष्ठा हुने भएकोले रौतहटका विभिन्न धार्मिकस्थलहरूमा सरसफाइका साथै आजदेखि पूजापाठ शुरू भएको छ ।

गौर नगरपालिका-५ स्थित श्रीराम मन्दिरको कलशयात्रा आज निस्केको छ भने नगरका विभिन्न मन्दिरहरूबाट पनि कलशयात्रा निकालिएको थियो ।

परोहा नगरपालिकाले सूचना प्रकाशित गरी धार्मिकस्थलहरूमा भगवान् रामजानकीको मूर्ति स्थापना तथा प्राणप्रतिष्ठा धार्मिक अनुष्ठान कार्यक्रम हुने भएकोले नगरभित्र माघ ७ र ८ गते कुनै पनि पशुपक्षी, जीवजन्तुको वध तथा माछामासु बिक्री वितरण नगर्न सूचना जारी गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महमद महफुज अहमदले बताए ।

गौर नगरपालिकाले पनि सूचना जारी गरी माघ ८ गते मर्यादा पुरुषोत्तम श्रीरामको प्राणप्रतिष्ठा हुने शुभ मुर्हूत रहेकोले गौर नपा-५ रामजानकी मन्दिरलगायत नगरका अन्य मन्दिरहरूमा प्राणप्रतिष्ठा तथा पूजाआजा गर्नुका साथै घरघरमा दीपावली मनाउन आग्रह गरेको छ ।

## सशस्त्र प्रहरी दिवसको अवसरमा रक्तदान

प्रस, वीरगंज, ७ माघ/
२३औं सशस्त्र प्रहरी दिवसको अवसरमा आइतवार सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वार्टर वीरगंजले आयोजना गरेको रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले आज सम्पन्न रक्तदान कार्यक्रममा सङ्गम श्रेष्ठ, दीपेन्द्रबहादुर मल्ल, अरुण विक्रम बस्नेत, सन्तोष न्यौपाने, सञ्जीवकुमार यादव, मनोज कुम्हाल, सोमबहादुर दमाई, देवरतन महतो, प्रदीप ओली, राजाबाबू साह, राजेन्द्र सुनार, राजा हुसेन आलम, ओमबहादुर गुरुङलगायतले रक्तदान गरेको बताए।


तस्वीरः सौजन्य

## विचारसार र सूक्तिहरू

**सास र विश्वास अलग-अलग कुरा हुन् तर काम एउटै गर्छन्। सास गए ज्यान खत्तम, विश्वास गए सम्बन्ध खत्तम।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# शीतलहरको कहर

**यसपटक पुसको अन्तिम सातादेखि पर्सा जिल्लामा शीतलहर शुरू भएको छ। अहिले वीरगंजको बिहानको न्यूनतम तापमान ६ र अधिकतम २२ डिग्री सेल्सियस पुगेको छ। यसभन्दा कम तापमान यदाकदा हुन्छ। त्यसैले धेरै जाडो सहन अभ्यस्त नभएका तराईवासीका लागि यो असह्य अवस्था हो। न्यानो लत्ताकपडा नभएका दलित तथा गरीबहरूका लागि यो तापमान झनै उनीहरूको जीवनमाथि जोखिम हो। गरीब र दीनदु:खीहरूको धेरै पीडा भएपनि, अहिलेको अवस्थामा हुनेखानेहरू पनि जतिसुकै बाक्लो लुगा लगाएर बाहिर निस्कन सक्ने अवस्था छैन। यो प्रकृतिको देन हो। घाम नलागेको तीन दिन भयो, त्यसअघि पाँचौं दिनमा घाम झुल्किएको थियो। पुस २३ गतेदेखि विद्यालयहरू पटकपटक अहिलेसम्म तीनपटक बन्द गरिएका छन्। साधन हुनेहरू हिटर र एसीको तापले आफ्नो घरको तापमान बढाउने प्रयत्न गरिरहेका छन् भने बाहिरको तापमान उकास्ने एकमात्र साधन घाम लागेको छैन। अनुभवीहरूको दृष्टिमा तापमान न्यूनतम हुँदै जानु खासै चिन्ता विषय होइन, यो स्थिर रहनु चिन्ताको विषय हो। र झन्डै तीन दिनदेखि बिहानको तापमान ८ डिग्रीभन्दा कम छ। यसैले चीसो बढिरहेको छ। यस्तोमा हिमालतिर हिउँ पर्दा र बेला कुबेला हावा चल्दा बिचल्ली हुने गर्छ।**

**अहिले खेतीमा गहुँबाली सिंचाइ गर्ने र खाद छर्ने बेला हो। सिंचाइ उपलब्ध भएपनि खाद सरकारले कहिले समयमा र यथेष्ट मात्रामा दिन सकेको छैन। खेतीका लागि आयात गरिएका युरिया मल यदाकदा रक्सीभट्टी र फ्याक्ट्रीतिर पुगिरहेको छ। चाहेर पनि गर्न नसक्ने इलम अहिले खेतीपाती भएको छ। यी सबै विरोधाभास चिरेर कसैले खेती गर्न सकेको छ भने पनि उत्पादनको लागि बजार छैन, बजारसम्म पहुँच छैन। अनि किसानहरूले कसरी झेल्ने यो चीसोको कहर। किसानको उत्पादन कसरी बढ्छ भन्नेतर्फ विचार गर्न नसकेको सरकार चाहिं यी सबै अव्यवस्थाका बावजूद खाद्यान्न आयात गरेर सुखी महसूस गरेको देखिन्छ। यसको मतलब हो, सरकारलाई देश र जनताप्रति सरोकार छैन। सरोकार नदेखिनुमा नेता, राजनीतिक दलभन्दा सरकार बन्ने र बनाउने प्रक्रिया दोषी देखिन्छ। बलियोले निर्धोलाई छेउ लगाएर आहालमा बस्ने जन्तुजस्तै, मूतको न्यानोमा रमाए जस्तै सबैले यसै प्रक्रियालाई टेवा दिइरहेका छन्। सरकारले जिल्ला प्रशासनमार्फत विपद्मा गरीबका लागि न्यानो लुगा वितरण गर्ने कार्यक्रम चलाउँथ्यो, यसपालि अहिलेसम्म स्थानीय प्रशासनले विपद् भनेर न्यानो कपडा वितरण गरेको छैन। बरु उदार मनकारीहरूले चीसोबाट राहत दिन केही न्यानो कपडा वितरण गरेका छन्।**

**जङ्गल पनि नाम मात्रको भएकोले दाउरा वितरण गर्ने र धुनी तापेर जाडो मार्ने दिन पनि रहेन। विपत्ति आइलागे हुलमा आउँछ। दाउराले जाडो भगाउने हो भने जङ्गल अवशेष बन्ला भन्ने पीर र वातावरण प्रदूषण पनि बढ्ने। दाहिने हेऱ्यो पाखा, बायाँ हेऱ्यो भीर। चीसो बढ्नु भनेको सरकारको अकर्मण्यता भने पक्कै होइन। यो त प्रकृतिको चक्र हो। कहिले चीसोले अँठ्याउने, कहिले गर्मी लू बनेर तालु सुकाउने र कहिले बाढी-पहिरोले ज्यानका ज्यान जाने। सरकारले यस्तो बेलामा जनतालाई राहत महसूस गराउन बेलैमा राहत सामग्री वितरण गर्न सक्छ। साथै सामूहिक प्रयोजनको लागि भवन निर्माण गरेर चीसो, गर्मी र वर्षायाममा राहत दिन सक्छ भने अन्य बेलामा त्यस भवनमा सामाजिक, धार्मिक कामहरू निपटारा गर्न सकिन्छ।**

# विद्यार्थीको विकासमा अभिभावक-शिक्षक भागीदारी

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**विद्यालयहरूमा अभिभावक-शिक्षक भागीदारी बढाउन विद्यालयको वातावरण बालमैत्री र स्वागतयोग्य हुनुपर्छ। अभिभावकको पहुँच प्रधानाध्यापक र कर्मचारीसम्म सजिलै हुने व्यवस्था हुनुपर्छ। विद्यार्थी र शिक्षकबीच उचित सम्मान र संवाद हुनुपर्छ।**

अभिभावक परिवार प्रणालीको महत्त्वपूर्ण घटक हो। सन्तान वयस्क नहुन्जेल परिवारको पालना गर्ने दायित्व अभिभावकको हो। केटाकेटीहरूलाई सामाजिक बनाउन र उनीहरूको मानसिक विकासमा सक्दो सहयोग गर्ने दायित्व पनि हो। परिवारका सदस्यहरूको लिङ्को आधारमा भूमिका निर्धारित गरिन्छ। अभिभावकले उनीहरूको व्यवहार र अन्तर्सम्बन्ध पनि स्थापित गर्छन्। यस सम्बन्धमा गरिएको कैयन शोधले के देखाएको छ भने अभिभावकको सहभागिता र विद्यार्थीको सफलताबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। आफ्नो सन्तानको शिक्षामा अभिभावक वा परिवारको भागीदारी अन्य कुनै सुधार कार्यक्रमभन्दा बढी प्रभावी हुन्छ। शिक्षकले अभिभावक-शिक्षक भागीदारीको महत्त्व बुझेर अभिभावकलाई शिक्षामा भागीदार बनाउनुपर्छ। शिक्षकहरूले अभिभावकको सहयोग कसरी लिने भन्ने कुरा जान्नु नितान्त आवश्यक हुन्छ। विद्यालय व्यवस्थापनका लागि, यसै कारण विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक सङ्घको परिकल्पना गरिएको छ। यस प्रकारको व्यवस्थाले अभिभावकहरू आफ्नो सन्तानको पढाइमा रुचि लिन प्रेरित हुन्छन्।

अभिभावकलाई शिक्षित गर्ने अभियान युरोपमा दुई शताब्दीपूर्व नै प्रारम्भ भइसकेको थियो। त्यसै बेलादेखि शिक्षाविद्, मनोवैज्ञानिक र अन्य विशेषज्ञ अभिभावक शिक्षाको लक्ष्यसँग जोडिएका प्रश्नहरूको जवाफ खोजिरहेका छन्। उनीहरूले परिवारको साक्षरता बढाउने चुनौती र मुद्दा सम्बन्धमा खोज गरेका छन्। विद्यालयमा केटाकेटीहरूको पढाइमा परिवारको के असर हुन्छ भन्ने कुरामा दस्तावेज नै तयार गरिएको छ। जस्तै आमाबुवालाई सन्तानको प्रारम्भिक शिक्षक बन्न र शिक्षामा भागीदार बन्न प्रशिक्षित गर्नु, आर्थिकरूपले स्वावलम्बी बनाउन प्रशिक्षित गर्नु, केटाकेटीहरूलाई उमेर अनुसार शिक्षा दिनु, आदि। अभिभावकको सक्रियतामा केटाकेटीहरूले हासिल गरेको उपलब्धिका धेरै साक्ष्य छन्। आमाबुवाले केटाकेटीहरूलाई कहानीको किताब पढेर सुनाउनाले उनीहरूको भाषा परिष्कृत हुन्छ र केटाकेटीहरूसँग बिताएको अवधिको सोझो असर उनीहरूको विकास र विद्यालयको उपलब्धिमाथि पर्दछ। शिक्षाविद् हार्ट र रिस्लेको के मत छ भने ३ वर्षका केटाकेटीहरूसँग आमाबुवाले जति बढी अन्तक्रिया गर्छन्, त्यतिकै बढी केटाकेटीहरूको शब्दावली र कुशाग्रता मानक वृद्धि हुन्छ।

जुन परिवारमा केटाकेटीहरूले उत्प्रेरक वा भाषागतरूपले समृद्ध र सहयोगी वातावरण प्राप्त गर्छन् त्यहाँ उनीहरू सामाजिक र आर्थिकरूपले उत्पन्न बाधाहरूलाई सजिलै समाधान गर्छन्। युनेस्कोको अन्तर्राष्ट्रिय शिक्षा ब्युरो अनुसार यदि आमाबुवाले बालबालिकाहरूलाई सुरक्षित जीवन र समयको सदुपयोग गर्ने प्रेरणा दिन्छन् भने यस्ता बालबालिकाले विद्यालयमा राम्रो प्रदर्शन गर्छन्। यसैगरी यदि आमाबुवाले सन्तान सामु कुनै मानक स्थापित गर्छन् भने सन्तानले त्यसलाई गम्भीरताका साथ ग्रहण गर्छन्। त्यस्तै विद्यालयसँग अभिभावकको सम्बन्धको अर्थ विद्यालयबाहेक अन्य बालबालिकाका अभिभावकसँग पनि सम्बन्ध बनाउनु हो। विद्यालयहरूले विद्यार्थीहरूलाई परिवारसँग जोड्नका लागि बेग्लाबेग्लै रणनीति तय गर्नु आवश्यक हुन्छ, किनभने विद्यालयको साथ परिवारको सम्बन्ध पनि बेग्लाबेग्लै हुन्छ।

हालका दिनहरूमा अभिभावकहरूले पनि विद्यालयमा भागीदारी बढाउने प्रयास गरिरहेको देखिन्छ, विद्यालयहरू नै बरु अभिभावकलाई भागीदार बनाउने कुरामा अन्योलग्रस्त छन्। कैयन शोधहरूको निष्कर्ष के छ भने विद्यालयमा अभिभावकको भागीदारीले विद्यार्थीहरूको उपलब्धिमा वृद्धि भएको छ। अमेरिकी शिक्षा विभागले अभिभावकको भागीदारी सम्बन्धमा भनेको छ- यसबाट केटाकेटीहरू बढी अङ्क हासिल गर्छन्, उनीहरूको व्यवहारमा परिवर्तन देखापर्छ, उनीहरूको उपस्थिति विद्यालयमा बढ्छ, यसबाट उनीहरूको पढाइमा बढी ध्यान दिने खाँचो पर्दैन र यसबाट उच्च शिक्षा हासिल गर्ने सम्भावना पनि वृद्धि हुन्छ। आफ्नो सन्तानको शिक्षाको लागि अभिभावकको भागीदारीलाई लिएर गरिएको सर्वेक्षणमा बढी अङ्क हासिल गर्ने दसमध्ये नौ विद्यार्थीबारे के भनिएको छ भने उनीहरूले आफ्नो अभिभावकबाट प्रोत्साहन पाएका छन्। शिक्षकहरूले पनि विद्यार्थी शिक्षामा अभिभावकको भूमिकालाई प्राथमिकता दिएका छन्। शिक्षामा बुवाको भागीदारीलाई विशेष महत्त्व दिइएको छ। यसबाट अनुत्तीर्ण हुने विद्यार्थीहरूको सङ्ख्यामा पनि १० देखि १८ प्रतिशतको कमी आएको देखा परेको छ।

अभिभावक वा परिवारको भागीदारीलाई शिक्षा सुधार कार्यक्रमसँगै महत्त्व दिनु आवश्यक छ। विद्यालय शिक्षामा अभिभावकको भागीदारी सम्बन्धमा सन् १९६० को दशकमा कोलमैनको प्रतिवेदनले पहिलोपटक विद्यार्थीको शिक्षा र उपलब्धिमा अभिभावकको भूमिका महत्त्वपूर्ण रहेको देखाएको छ। यस अध्ययनमा के पनि देखाइएको छ भने परिवारको सामाजिक-आर्थिक स्थितिका बावजूद जब विद्यालयले विद्यार्थीहरूलाई आफ्नो अभिभावकसँग पढ्न प्रेरित गऱ्यो तब उनीहरूलाई बढी फाइदा भयो। हामी सबैले के बुझ्नु आवश्यक छ भने विद्यार्थीहरूको शैक्षिक विकासका लागि अभिभावक, विद्यार्थी र शिक्षकहरूले सँगसँगै मिलेर काम गर्नुपर्छ। विद्यालयले विभिन्न विषय, खेलकूद र अन्य गतिविधिको माध्यमले औपचारिक शिक्षा प्रदान गर्छन् भने आमाबुवा तथा परिवारका अन्य सदस्यहरूले आत्मविश्वास, आत्मसम्मान, व्यवहार, अनुशासन र नैतिक मूल्यको शिक्षा दिनुपर्छ। घरमा केही मूल संसाधन जस्तै शब्दकोष, एटलस आदि उपलब्ध गराएर पढ्ने वातावरण बनाउन सकिन्छ। विद्यार्थीको पढाइका लागि घरको एउटा कोठा वा नेपालको सन्दर्भमा एउटा कुना सुरक्षित गर्न सकिन्छ। शिक्षकहरूले एउटा साप्ताहिक-दैनिकी तयार गर्नुपर्छ जसमा विद्यार्थीहरूलाई विद्यालयको शिक्षासँग कसरी जोड्ने हुनुपर्छ।

समकालीन नेपाली समाजमा महिलाको स्थितिले पनि विद्यार्थीको पढाइमा अभिभावकको भागीदारीमाथि असर पुऱ्याउँछ। सँगसँगै शहरीकरण र सूचना प्रविधिको प्रभावले गर्दा पनि सरकारी तथा निजीस्तरमा संरचना तयार गर्ने आवश्यकता महसूस गरिएको छ। तर अमेरिकाको तुलनामा हाम्रो देशमा अभिभावकलाई शिक्षामा भागीदार बनाउने कोशिश त्यति सफल देखिंदैन। हाम्रो देशमा पनि केही विद्यालयहरूमा अभिभावक-शिक्षक सङ्घ गठन भएका छन् तर जुनरूपमा परिचालन गर्नुपर्ने हो, त्यो भइरहेको छैन, न अभिभावकको सहयोग नै विद्यालयलाई प्राप्त भइरहेको छ। शिक्षकहरूले पनि अभिभावकलाई दोष दिनुको साटो केही सकारात्मक प्रयास गरेको देखिंदैन। नेपालका शिक्षक तथा अभिभावक दुवैले आआफ्नो व्यवहार परिवर्तन गर्नु आवश्यक छ। स्थानीय सरकारले पनि विद्यालयको गतिविधिमा अभिभावकको भागीदारी कसरी सुरक्षित गर्ने भन्ने कुरामा ध्यान दिनु जरूरी छ। साथै विद्यालयको योजनामा, प्रक्रियामा सबै सदस्यको भूमिका र भागीदारी सुनिश्चित गर्नुपर्छ।

अन्तर्राष्ट्रिय शिक्षा ब्युरो युनेस्कोका अनुसार केटाकेटीको पालनपोषण र हेरचाहमा अभिभावकको भूमिकालाई प्राथमिकता दिनुपर्छ। यसैगरी संवादको माध्यमले अभिभावक र विद्यालयबीच जानकारी आदानप्रदान, स्वयंसेवाको माध्यमले विद्यालयलाई सहयोग, विद्यालयबाट दिइएको निर्देशनको समर्थन र अनुपालन, विद्यालयको निर्णय प्रक्रियामा अभिभावकको सहभागिता र अन्य सामाजिक संस्थाहरूसँग मिलेर विद्यालयलाई सहयोग गर्नु भनेको छ। अभिभावक र शिक्षकबीच प्रभावी संवादले दुवैबीच सम्बन्ध बलियो हुन्छ। यो विद्यार्थीको सफलताको लागि पनि आवश्यक छ। विद्यार्थीको सकारात्मक पक्ष तथा रुचि सम्बन्धमा जानकारी आदानप्रदान हुनु जरूरी छ। विद्यालय सुधार योजना, विद्यार्थी प्रगति प्रतिवेदन, विद्यालयको गतिविधि, विद्यालयद्वारा सञ्चालित कार्यक्रमको सूचना नियमितरूपले आदानप्रदान हुनु आवश्यक छ। सँगसँगै विद्यालयमा वर्षमा दुईपटक अभिभावक-गोष्ठी हुनु आवश्यक छ, जसबाट एउटा निश्चित लक्ष्य हासिल गर्न सजिलो हुन्छ। अभिभावकलाई विद्यार्थीले गरेको राम्रो कुराको जानकारी बढी मात्रामा दिनुपर्छ। अभिभावकको लागि कार्यक्रमसँग सम्बन्धित पत्रिका तयार गरेर त्यसमा केटाकेटीहरूको पढाइसम्बन्धी वा अभिभावक शिक्षासँग सम्बन्धित लेख रचना पनि प्रकाशित गरेर सूचना आदानप्रदान गर्न सकिन्छ। यस्ता अनेकौं प्रयास छन् जुन गर्न सकिन्छ र यसबाट विद्यालयको गरिमा वृद्धि हुन्छ।

जुन विद्यालय अभिभावकसँग मिलेर काम गर्दछ, त्यहाँ शिक्षकहरूको मनोबल पनि उच्च रहन्छ र उनीहरूले अभिभावकबाट सम्मान पनि हासिल गर्छन्। अभिभावक र शिक्षकबीच जति मधुर सम्बन्ध हुन्छ, त्यहाँ विद्यार्थीहरूले त्यतिकै उपलब्धि हासिल गर्छन्। विद्यालय सुधार गर्ने प्रयासमा अभिभावकको सहयोग नितान्त आवश्यक हुन्छ। यसैगरी विद्यालयको कार्यक्रममा स्थानीय संस्कृतिलाई प्राथमिकता दिनु आवश्यक छ, किनभने यसबाट स्थानीय संस्कृति बुझ्ने र त्यसलाई जोगाउने अवसर प्राप्त हुन्छ र बेग्लाबेग्लै पारिवारिक परम्परा जान्ने अवसर मिल्छ। वर्तमानमा धेरैजसो अभिभावक आफ्नो सन्तानको पढाइमा सहयोग गर्न चाहिरहेका छन् तर उनीहरूलाई के थाहा छैन भने के गर्दा उसको सन्तानलाई सहयोग प्राप्त हुन्छ। अभिभावकको योग्यताको उपयोग यदि विद्यालयहरूले गर्न थाल्छन् भने अभिभावकलाई सजिलै विद्यालयसँग जोड्न सकिन्छ। अभिभावकको समर्थनको लागि कार्यालयमा काम गर्नेले स्वागत अभिभावदनसहित, प्रवेशद्वारमा यस्ता सङ्केत हुनुपर्छ जसबाट अभिभावकले उसको पनि महत्त्व छ भन्ने बुझोस्।

जुन अभिभावकसँग विद्यालयलाई समय दिन गाह्रो छ उनीहरूको सहयोगको लागि बेग्लै तरीका अँगाल्नुपर्छ। विद्यालयहरूले अभिभावकसँग सम्पर्क राख्ने तरीका खोजिराख्नुपर्छ। विद्यालय व्यवस्थापन समितिले पनि समय-समयमा विद्यालयमा आन्तरिक बैठक गरी सुधार र अभिभावकलाई प्रेरित गर्ने कार्यक्रम निर्धारित गरी निर्देशन दिइराख्नुपर्छ। अभिभावकहरू कसरी विद्यार्थीहरूलाई सहयोग गर्न सक्छन् विद्यालयहरूले यसको सर्वेक्षण गरी सोही अनुरूप योजना तयार गर्न सक्छन्। अभिभावकले सन्तानद्वारा गरिएको कार्यको समीक्षा गरिराख्नुपर्छ। विद्यालयहरूले अभिभावकलाई तत्सम्बन्धी सहयोग र सुझाव दिन सक्छन्। यसैगरी यस्ता गृहकार्य दिनुपर्छ जसमा अभिभावक पनि भागीदार होस् चाहे त्यो हस्ताक्षर गर्नु मात्र किन नहोस्। साथै उनीहरूलाई के पनि सूचना दिनुपर्छ भने हस्ताक्षर गर्दा के के कुरामा ध्यान दिने। यसैगरी विद्यालयहरूले केही खास विषयमा कार्यशाला गोष्ठी आयोजना गर्न सक्छन्।

विद्यालयहरूमा अभिभावक-शिक्षक भागीदारी बढाउन विद्यालयको वातावरण बालमैत्री र स्वागतयोग्य हुनुपर्छ। अभिभावकको पहुँच प्रधानाध्यापक र कर्मचारीसम्म सजिलै हुने व्यवस्था हुनुपर्छ। विद्यार्थी र शिक्षकबीच उचित सम्मान र संवाद हुनुपर्छ। अभिभावकको समय र योग्यता अनुसार विद्यालयको कार्यक्रम निर्धारित हुनुपर्छ। अभिभावकहरूलाई विद्यालय पाठ्यक्रमको जानकारी र तात्कालिक शिक्षण रणनीतिको सूचना हुनुपर्छ। अभिभावकको वास्तविक भागीदारीमा प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण हुन्छ। यसरी विद्यार्थीको विकासमा अभिभावक शिक्षक भागीदारी र उपलब्धिबीच सकारात्मक सम्बन्ध रहेको छ।

# निर्वाचित जनप्रतिनिधि अध्यक्ष र सचिवमा उम्मेदवार बन्न नपाउने

काठमाडौं, ७ माघ/रासस

नेकपा (एमाले)ले जिल्ला कमिटीको अधिवेशनमा पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई कार्यकारी पदमा उम्मेदवार बन्न नपाउने व्यवस्था गरेको छ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले सङ्घीय, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रनिनिधिले जिल्ला कमिटीको अधिवेशनमा कार्यकारी पद अध्यक्ष र सचिवमा उम्मेदवार हुन नपाउने बताए।

जिल्ला कमिटीको उपाध्यक्ष र उपसचिवमा भने जनप्रतिनिधिलाई उम्मेदवार बन्न पाइने व्यवस्था गरेको छ। उनका अनुसार प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभा सदस्य, प्रदेशसभा सदस्य, पालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष जिल्ला कमिटीको अध्यक्ष तथा सचिव पदमा उम्मेदवार बन्न नमिल्ने गरेर मापदण्ड बनाइएको छ। जिल्ला अधिवेशन तोकिएको अवस्थामा अधिवेशनका लागि उम्मेदवार र प्रतिनिधि छनोटको मापदण्ड बनाई प्रदेश तथा जिल्ला कमिटीलाई पठाइसकेको उनले जानकारी दिए। यस्तै जिल्ला कमिटीको पदाधिकारी पदमा उम्मेदवार हुन कम्तीमा पार्टी सदस्य भएको पाँच वर्ष पुगेको र एक कार्यकाल जिल्ला कमिटीको सदस्य वा सोसरहको भूमिका निर्वाह गरेको हुनुपर्ने उल्लेख गरिएको छ।

यस्तै जिल्ला कमिटीमा सदस्यको उम्मेदवार हुन पार्टी सदस्यता लिएको कम्तीमा तीन वर्षको समयावधि पूरा गरेको वा पालिका कमिटी सदस्य वा वडा पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्ने एमालेले मापदण्ड बनाएको छ। यस्तै, एमालेले जिल्ला कमिटीमा सहभागी हुने प्रतिनिधिकोसमेत मापदण्ड बनाएको छ। एमालेले जिल्ला कमिटीमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# मधेस प्रदेश राजधानीमै छैन खानेपानी

जनकपुरधाम, ७ माघ/रासस

मधेस प्रदेशका नौ लाख ३१ हजार ३३१ घरधुरीमध्ये झन्डै ७७ प्रतिशतको पिउने पानीको मुख्य स्रोत टयुबवेल अर्थात् फिटभन्दा बढी जमीनमुनिबाट मात्रै टयुबवेल (चापाकल)मा पानी आइरहेको छ । जसले पानीको माग बढ्दैछ । अर्कोतिर भएकै पुराना संरचनामा



तस्वीरः फाइल

चापाकल रहेको तथ्य सार्वजनिक भइसकेको छ । तर भूमिगत पानीको सतह घट्दै गएकोले पछिल्लो समय चापाकलमा पानी सुक्दै गएको गुनासो यहाँका बासिन्दा गर्छन् । नागरिकले पिउने पानीकै लागि समस्या भोग्नुपर्ने अवस्था आए पनि चापाकलको अर्को भरपर्दो विकल्प पनि तयार भएको देखिंदैन । त्यसको उदाहरण हो, प्रदेश राजधानी जनकपुरधाम । प्राप्त विवरण अनुसार यहाँ करीब १२ प्रतिशत घरमा मात्रै खानेपानीको पाइप प्रणालीको पहुँच छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार जनकपुरधाममा ४० हजार ४०९ घरपरिवार छन् । तर खानेपानी वितरणको मुख्य काम गर्दै आएको खानेपानी संस्थानले हालसम्म चार हजार ६८५ घरमा मात्रै धारा जडान गरेको छ । जडान भएका धारामध्ये पनि करीब ४४ प्रतिशतभन्दा बढी घरमा आंशिकरूपमा मात्रै पानी वितरण हुने गरेको संस्थानकै तथ्याङ्क छ । कार्यालय प्रमुख विष्णुदेव साहले संस्थानले उपमहानगरमा २५ वटा वडामध्ये १४ वडाका चार हजार ६८५ घरमा मात्रै धारा जडान भएका र त्यसको ५६ प्रतिशत जतिमा मात्रै पूर्णरूपमा पानी वितरण भइरहेको बताए ।

समग्रमा जनकपुर नगरक्षेत्रमा दुई करोड ५० लाख लिटर (२५ एमएलडी) पानीको माग रहेकामा धारा जडान भएका आधारमा हाल दैनिक ३० लाख लिटर मात्रै आपूर्ति गर्न सकिएको कार्यालय प्रमुख साहले जानकारी गराए ।

अहिले वडा नं १० को अरगजा पोखरीको उत्तरमा र रामानन्द चोकस्थित कार्यालय परिसरमा चार लाख ५० हजार क्षमताका दुईवटा ओभरहेड टङ्कीमा छवटा डीप बोरिङबाट सङ्कलित भूमिगत पानीलाई प्रशोधन गरेर वितरण भइरहेको छ । "सीमित बजेट र करीब ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण धेरै ठाउँमा चाहेर पनि पानी पुऱ्याउन सकिएको छैन । तर चालू आर्थिक वर्षमा पानी टङ्की थप्ने, पानी वितरण सञ्जाल विस्तार अर्थात् पाइप बिछ्याउने, अवरुद्ध भएका ठाउँमा पानी आपूर्तिका लागि मर्मतसम्भार गर्ने काम भइरहेकाले आगामी दिनमा केही सुधार हुने अपेक्षा छ," कार्यालय प्रमुख साहले भने ।

संस्थानको महसूल शाखा प्रमुख दधिवल यादवले पानीको माग बढ्दै गए पनि पुरानो संरचना र संस्थानसँग समन्वय नै नगरी गरिने विकास निर्माणका बेला त्यही संरचना पनि बिगार्ने तथा भत्काउने समस्याले जडान भएका नौ सयभन्दा बढी धारामा पानी अवरुद्ध भएको बताए ।

विगतमा ढल निकास, सडक विस्तार तथा अन्य विकास निर्माणका कारण धेरै क्षेत्रमा पाइपलाइन चुँडिएर घरधुरीमा पानी वितरणमा समस्या भएपनि त्यसको समाधानका लागि काम जारी रहेको यादवको भनाइ छ । कार्यालय प्रमुख साहले पनि स्थानीय तह र अन्य विकास निर्माण गर्ने दायित्व भएका कार्यालयले संस्थानसँग समन्वय गर्नुपर्नेमा उल्टै वर्षौं पुरानो पानी वितरण सञ्जालमा छेडखानी गर्दा समस्या हुने गरेको बताए ।

उनले भने, "एकातिर भूमिगत पानीको तह घटेर अहिले पाँच सय चुहावटको समस्या छ । स्थानीय, प्रदेश र बाँकी सबै सरोकारवाला निकाय मिलेर काम गरेमा धेरै समस्या समाधान गर्न सकिन्छ ।" ३४ वर्ष पुरानो पानी वितरण प्रणालीको पहुँच पनि नगरका सबै वडामा पुगेको छैन । २५ वडामध्ये आधाजति वडामा मात्रै वितरण प्रणालीको पहुँच छ भने त्यसमा पनि करीब ५० प्रतिशतमा मात्रै नियमित पानी जाने गरेको छ ।

१२ वर्षभन्दा बढी समयदेखि जनकपुरधाम वडा नं ४ कटैयाचौरीमा एक करोडभन्दा बढी लगानीमा निर्माण गरिएको डीप टयुबवेल स्थानीयवासीको अवरोधका कारण सञ्चालनमा आउन सकेको छैन । चालू आर्थिक वर्षमा भने कार्यालय परिसरमैं रु एक करोड ३० लाखको लागतमा थप पाँच लाख लिटर क्षमताको टङ्की, चार करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरीचौकीदेखि वडा नं ८ स्थित होटल सीताशरणसम्म छ लेन सडकछेउमा सात किमी लामो दुवैतर्फ आठ/आठ इन्चको पाइप बिछ्याउने काम भइरहेको छ ।

यस कार्यले पाँच लाख लिटर पानी भण्डारण हुने र चालू आर्थिक वर्षमा थप एक हजार धारा जडान गर्न सघाउ पुग्ने संस्थानको विश्वास छ । "थोरै स्रोतसाधनका बावजूद संस्थानले भ्याएसम्मको काम गरिरहेको छ । प्रदेश राजधानी भएकोले संस्थानको पहलले मात्रै यहाँको अभाव पूर्ति हुने अवस्था छैन । जनकपुरमा सङ्घीय खानेपानी मन्त्रालयले सरोकारवाला कार्यालयसँग मिलेर खानेपानीको आवश्यकता, समस्या र सञ्जाल निर्माणको आवश्यकताबारे विस्तृत अध्ययन गरिरहेको छ । त्यस आधारमा आगामी दिनमा जनकपुर क्षेत्रको खानेपानी समस्या समाधानका लागि एकीकृतरूपमा दिगो व्यवस्थापनको काम हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ," साहले आशा व्यक्त गरे ।

प्रादेशिक राजधानी जनकपुरमैं पानीको भरपर्दो वैकल्पिक स्रोत छैन । अन्य शहर र गाउँको अवस्था पनि योभन्दा दयनीय छ । आर्थिक सर्वेक्षण २०७९/८० अनुसार प्रदेशका १२ दशमलव १५ प्रतिशत घरधुरी त खानेपानी प्रणालीमैं समेटिएका छैनन् भने १० दशमलव ४६ घरधुरीमा मात्रै पाइप प्रणालीबाट पानीको पहुँच पुगेको छ । त्यसबाहेक ७६ दशमलव ९१ प्रतिशत घरधुरीमा टयुबवेल, शून्य दशमलव ४७ प्रतिशतमा अन्य सुरक्षित स्रोत र शून्य दशमलव शून्य एक प्रतिशतमा वर्षात्को पानीमा निर्भर हुनुपरेको पनि सोही सर्वेक्षणको तथ्याङ्कले देखाएको छ ।

यहाँ खानेपानी संस्थानले मुख्य शहरमा मात्रै पानी आपूर्ति गरिरहेको छ । त्योसमेत गरी प्रदेशभर ११३ खानेपानी योजना सञ्चालनमा छन् । जबकि सात प्रदेशमध्ये कर्णाली प्रदेशमा समेत ९९३ योजना सञ्चालनमा रहेको मधेस प्रदेशको सोही आर्थिक सर्वेक्षणमा उल्लेख छ । मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले सार्वजनिक गरेको सरकार गठनको एक वर्षे उपलब्धिमा ४१ वटा खानेपानी आयोजना सम्पन्न गरी यसबाट लगभग २० हजार घरधुरी लाभान्वित भएका, ७७ वटा खानेपानी आयोजनाका लागि डीप बोरिङ र १५९ किमी पाइपलाइन बिछ्याउने कार्य सम्पन्न भएका उल्लेख गरिएको छ ।

# पूँजीगत खर्च नबढ्दा सिर्जित आर्थिक समस्या

विचार



गोपीनाथ मैनाली

**कर्मचारीतन्त्रले सक्रियता नदेखाएसम्म पूँजीगत खर्च बढ्ने स्थिति रहन्न । पछिल्लो समय निगरानी र छानबीन निकायले निर्णयकर्तालाई उन्मुक्ति दिने तर प्रक्रियामा रहेकालाई कारबाही गर्ने गरेकाले पनि पूँजीगत खर्च बढाउने उत्साहमा कर्मचारीतन्त्र देखिएको छैन ।**

प्रत्येक वर्ष बजेट वक्तव्यमा पूँजीगत खर्च समयमै गरी बजेट कार्यान्वयन प्रभावकारी पार्ने कुरा उल्लेख गरिंदै आएको दशक भइसक्यो तर पछिल्ला कुनै पनि आर्थिक वर्षहरूमा यसले लक्ष्य भेट्टाएको छैन । उल्टो खर्चको परिमाण र गुणस्तर घट्दै गएको छ । पूँजीगत खर्च हुन नसक्दा सरकारको आलोचना भइरहको छ । पूँजीगत खर्च गर्न र खर्चको गुणस्तर बढाउन गरेको प्रयास कत्ति पनि सफल छैनन् । बजेटमा के कस्ता कारक छन्, जसका कारण पूँजीगत खर्च नभएको हो भनी बजेट र खर्चबीचको सम्बन्ध पनि विश्लेषण गरिएको भए, त्यसले एउटा दिशा देखाउँथ्यो, दुःखको कुरा त्यसरी विश्लेषण पनि गरिएको छैन ।

बजेटजति वास्तविक बनाउन सकियो, त्यसको कार्यान्वयन (खर्च र उपलब्धिको गुणस्तरीयता) त्यसैको सापेक्षमा बढ्ने गर्छ । बजेट वास्तविक बनाउन बजेट व्यवस्थापनका चरणहरूबीच तार्किक सम्बन्धमा रहनुपर्छ । तार्किक सम्बन्ध राम्रो बनाउन यसमा संलग्न पात्रहरूको भूमिका प्राविधिकरूपमा सबल हुनुपर्छ । बजेट निकायहरूमा भरपर्दो तथ्याङ्क आधार नभए बजेटको प्राविधिक जग नै कमजोर हुन्छ र कार्यान्वयन तहमा धेरै समस्या आउने गर्छन् । प्रमुख खर्च गर्ने पदाधिकारी सचिवले बजेट तर्जुमाको समयमा खर्च प्रतिबद्धता जनाएको विनियोजनले नै लक्ष्य भेटाउन सक्दैन ।

विगत एक दशकको बजेट विश्लेषण गर्दा प्रतिबद्ध खर्च घट्न सकेको छैन, पूँजीगत खर्च बढ्न सकेको छैन । वित्तीय व्यवस्थापनतर्फको खर्चमा उपयोग कम र लागत बढ्दै छ । पूँजीगत खर्च वास्तवमा खर्च नभई लगानी हो । यसले अर्थतन्त्रको कमाउने क्षमता बढाउने उत्प्रेरकको काम गर्छ । चालू खर्चको प्रकृति उपभोग स्वभावको हुन्छ, आर्जन गर्ने क्षमतामा हुँदैन । एकातर्फ सरकारको आर्जन गर्ने बीउ पूँजीको रूपमा रहेको पूँजी निर्माणमा खर्च नहुने तर अर्कोतर्फ उपभोगजन्य खर्चको हिस्सा बढ्दै जाँदा वित्त व्यवस्था दोहोरो मारमा छ ।

खर्च सन्तुलन धान्न मात्र नसकिएको होइन कि विगत चार वर्षदेखि सरकारी कोष घाटा निक्षेपमा छ । आर्थिक वर्ष २०६८/६९ मा पूँजीगत ७१ प्रतिशत थियो । त्यसपछिका वर्षहरूमा २०६९/७० मा ८२ प्रतिशत, २०७०/७१ मा ७८ प्रतिशत, २०७१/७२ मा ७६ प्रतिशत, २०७२/७३ मा ५९ प्रतिशत, २०७३/७४ मा, २०७४/७५ मा ८१ प्रतिशत, २०७५/७६ मा ७७ प्रतिशत, २०७६/७७ मा ४७ प्रतिशत रह्यो । कोभिड महामारीले पूँजीगत खर्च निकै घटायो । २०७८/७९ मा मुलुक कोभिडबाट पूर्ण सामान्यीकरणमा आयो तर पूँजीगत खर्च घटेर ५७.१८ प्रतिशत मात्र भयो । आव २०७९/८० मा यो स्थितिमा सीमान्त सुधार भई ६१.४४ प्रतिशत भएको अनुमान छ । यी तथ्यले पूँजीगत खर्च सरकारी क्षमताबाट बाहिरिन थालेको त होइन भन्ने प्रश्न उठेको छ । चालू आव २०८०/८१ मा कुल विनियोजनको १७ प्रतिशत (रु ३०७.४ अर्ब) विनियोजन भएको छ । यस आवको छ महीना बितिसकेको छ, नयाँ आयोजना भर्खर शुरू हुँदैछ, क्रमागत कार्यक्रमको प्रगति सुस्त छ । प्रधानमन्त्रीले विभागीय मन्त्री र सचिवहरूलाई मातहतका कार्यक्रमहरू प्रभावकारी पार्न निर्देशन दिइरहनुभएको छ ।

विगत १० वर्षको पूँजीगत खर्चको प्रवृत्ति सन्तोषजनक नदेखिएको मात्र होइन, सरकारले सुधार रणनीति ल्याएको वर्षमा पनि उल्टो असर देखिन्छ । जस्तो कि आव २०७५/७६ मा प्रधानमन्त्रीकै उपस्थितिमा सचिव र मन्त्रीले कार्यसम्पादन करार गरेर स्वचालित स्वयम् अनुगमन गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा चौमासिक विवेचना गर्ने पद्धति बसालिएर पूँजीगत खर्चमा मन्त्रालयहरूलाई विशेष जिम्मेवार बनाउने काम गरियो तर पूँजीगत खर्च भने अघिल्लो आवको ८१ प्रतिशतको तुलनामा ७७ प्रतिशतमा झर्न पुग्यो । यसरी हेर्दा एक दशकको विश्लेषणबाट पूँजीगत खर्चको क्षमता ७० प्रतिशततिर मात्र छ ।

पूँजीगत खर्च लक्ष्यअनुरूप देखाउन अन्तिम चौमासिकमा कार्यक्रम संशोधनमार्फत लक्ष्य परिवर्तन गर्ने काम पनि भएको छ । आश्चर्य कहाँ देखिन्छ भने अमुक मन्त्रालयका उत्तरदायी अधिकृत (सचिव)ले खर्च गर्न सक्छु भनी कार्यतालिकासहितको क्रियाकलापमा प्रतिबद्धता जनाएको प्रस्तावमा उसैबाट खर्च हुन नसक्ने भनी कार्यक्रम संशोधन र लक्ष्य समायोजन हुने गरेको छ । सरकारले उच्च प्राथमिकता दिएका राष्ट्रिय गौरवका आयोजनाहरूमा पूँजीगत खर्च राष्ट्रिय औसतभन्दा कम देखिन्छ । आव २०७७/७८ मा समग्र पूँजीगत खर्च प्रतिशत ६५ रहेको थियो तर राष्ट्रिय गौरवका आयोजनामा भने करीब ५८ प्रतिशत मात्र । विषयगत मन्त्रालयहरू लक्ष्यको सापेक्षमा धेरै उपलब्धि देखाउने मनोवृत्तिमा रहन्छन् भने अर्थ मन्त्रालय पनि संशोधित लक्ष्यमा प्रगति देखाएर वित्तीय उपलब्धि राम्रो देखाउने सजिलो मनोविज्ञानमा रहन्छ । यो प्रवृत्तिले पनि पूँजीगत खर्च किन गर्नुपऱ्यो र भन्ने सोच विकास भएको छ । यी आँकडा र प्रवृत्ति हेर्दा बजेट प्रणालीमा नै आधारभूत कमजोरी रहेको छ भन्ने स्पष्ट छ ।

केही वर्षअघिसम्म पूँजीगत खर्च वृद्धि नहुनु, खर्चको गुणस्तर कुशलता नदेखिनु र समष्टिगतरूपमैं खर्च व्यवस्थापन प्रभावकारी नहुनुको पछि झन्झटिलो कार्यक्रम स्वीकृति प्रक्रिया र अख्तियारी वितरण पहिलो दोषी देखाइन्थ्यो भने दोस्रो दोषी सार्वजनिक खरीद व्यवस्थालाई दिइन्थ्यो । त्योभन्दा पनि ठूलो दोष बजेट पारित हुन लाग्ने लामो समयलाई दिइन्थ्यो । नेपालको संविधान जारीपछि संविधानले नै 'अर्ली बजेट' (आव शुरू हुनुअघि नै बजेट पारित गरिसक्ने)लाई सुनिश्चित गरेको छ । तीनै तहका सरकारले आआफ्ना सभामा बजेट कार्यक्रम प्रस्तुत गर्ने समय कानूनमा नै तोकिदिएको छ । सार्वजनिक खरीद नियमावली बजेट कार्यक्रम कार्यान्वयनकर्ताका सुझावअनुरूप परिमार्जन गरिंदै आएको छ । नयाँ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ पनि कार्यान्वयनमा छ । चार वर्षदेखि कार्यसम्पादन सम्झौता गरी मन्त्री, सचिव र जिम्मेवार व्यक्तिलाई नीति कार्यक्रम कार्यान्वयनप्रति प्रत्यक्ष जवाफदेही बनाउन खोजिएको छ । खरीद कानून खर्चको बाधक मानिएकाले पटकपटक संशोधन गरिएको छ । यस अर्थमा बजेट कार्यक्रम कार्यान्वयनमा असजिला कारण नहुनुपर्ने हो ।

पूँजीगत खर्चको स्तर र आयतन कम हुनुमा नीतिगतभन्दा पनि व्यवहारजन्य कारणहरू बढी जिम्मेवार छन् । बजेट वास्तविकरूपमा तर्जुमा गरिंदैन । बजेट चक्रका चरणहरूको तार्किक सम्बन्ध छैन, जसले बजेट कार्यान्वयनलाई प्रभाव पारेको छ । अर्ली बजेट भने पनि बजेट प्रस्तुत भएपछि कार्यान्वयन योजना र खरीद प्रक्रियाका कामहरू गरिंदैनन्, यसका लागि साउन नै पर्खिने चलन छ । आयोजना बैंक तर्जुमा नभएकाले राजनीतिक सहजता/प्रियताका आधारमा आयोजनाले स्थान पाउँछन्, विनियोजनका सिद्धान्त र आयोजना व्यवस्थापनका चरणहरू परिपालन हुँदैनन् । बजेट छलफलमा अर्थ मन्त्रालय दिने र अरू निकाय लिने भूमिकामा रहने भएकाले बजेटमा स्थान पाएका आयोजनाहरूप्रति कार्यान्वयन गर्ने निकायको अपनत्व हुँदैन । कतिपय आयोजना यति सतहीरूपमा राखिएका हुन्छन् कि तिनीहरूको निर्माणस्थल पहिचानमा पनि लामो समय लाग्छ । छलफलको समयमा कार्यान्वयन योग्यताका प्राविधिक पक्षहरू हेरिंदैन ।

बजेट स्वीकृतपछि खरीद योजनाहरू तर्जुमा र स्वीकृत गर्ने काम समयमा हुँदैनन् । नमूना निर्धारित भएका बोलपत्रका कागजातहरू पनि समयमा बनाइँदैनन् । बोलपत्र प्रस्तावको मूल्याङ्कन लामो हुन्छ । यस समयमा निर्माण व्यवसायीको सेटिङ, लेखा, कानून र आयोजना कर्मचारीबीच आआफ्नै स्वार्थको द्वन्द्व रहन्छ । अन्तर्राष्ट्रिय खरीद प्रस्तावको मूल्याङ्कन क्षमता कार्यान्वयन निकायमा हुँदैन, भाषा, कानूनी शब्दावली र शर्तहरूबीचको अन्तरसम्बन्ध हेर्ने क्षमता नहुँदा कार्यान्वयन जटिल भइहाल्छ । जब प्रस्ताव स्वीकृत भई कार्यादेश दिइन्छ, त्यसपछि दुईखाले समस्या आयोजनाले बेहोर्छ । पहिलो समग्र ठेक्का व्यवस्थापनको, जसलाई निकायले स्वामित्व र क्षमतामा लिएका नै हुँदैनन् । दोस्रो, गुणस्तरको । केही खर्च भएपनि गुणस्तर राम्रो देखिंदैन । निर्माण तथा आपूर्ति कार्य स्पेसिफिकेशन अनुसार जाँच गर्ने काम औपचारिकतामा सीमित हुन्छन् । निर्माण व्यवसायीको इन्जिनीयर वा आपूर्तिकर्ताको विज्ञको निर्भरतामा खर्च निकाय रहन्छन् । दुई पक्षको सम्मतिले गुणस्तर कायम हुन्न, असहमति हुँदा आयोजना ढिलो हुन्छ । दुवै अवस्था पूँजीगत खर्चका सन्दर्भमा प्रतिकूल छन् । खर्च व्यवस्थापनका चरणहरूमा आर्थिक प्रशासनका कर्मचारीहरूलाई संलग्न नगराउँदा पनि व्यावहारिक समस्या सिर्जना हुँदै आएका छन् ।

खर्च कम हुनुको अर्को कारण एकै निर्माण व्यवसायीले धेरै काम लिने प्रवृत्ति पनि हो । ठेकेदारलाई आयोजना वा रकमको सीमामा राख्नुपर्छ । एकै व्यक्तिको पकडमा धेरै कम्पनी हुने गरेका छन् । जब काम र गुणस्तरमा कडाइ हुन्छ, राजनीतिक कार्यकर्ता, मन्त्री र उनीहरूका आसेपासेहरू निर्माण व्यवसायी/आपूर्तिकर्ताको पक्षमा हुन्छन् । परिपक्व भइसकेका बिलको भुक्तानी नपाएका कारणबाट निर्माण व्यवसायीले सरकारप्रति विश्वास गर्न छाडेका छन् । भुक्तानीका लागि पनि विशेष प्रयास गर्नुपर्ने परिस्थितिले आउने दिनमा पूँजीगत खर्चलाई नकारात्मक प्रभाव पार्छ ।

पछिल्ला समयमा त निर्माण/आपूर्ति व्यवसायी आफैं राजनीतिक जिम्मेवारीमा पुगेकाले आयोजना प्रमुखप्रतिको वफादारिता घटेर गएको छ । अर्को पक्ष विभागीय मन्त्री र सचिवको प्राविधिक अनुगमन/निगरानी हुने गरेको छैन । आयोजना प्रमुखको छनोटमा पनि राजनीतिक प्रभाव छ, पेशागत निष्ठा र इमानदारिताको आधार लिइँदैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट हुने कार्यसम्झौताको अनुगमन पनि प्रभावकारी छैन । ठूलो महत्त्वका साथ अघि सारिएको कामलाई राजनीतिक तबरबाट महत्त्व दिन छोडिंदा जोखिमका कामहरू पन्छाउने मनोवृत्तिमा कर्मचारीतन्त्र रहेको देखिन्छ । निगरानी निकायको अनपेक्षित सक्रियता, सञ्चारमाध्यममा गलत समाचार सम्प्रेषणजस्ता पक्षले पनि पूँजीगत खर्च बढ्न नसकेको देखिन्छ ।

पूँजीगत खर्च कम हुनुका अन्य कारणहरूमा राजनीतिक कार्यकारीबाट यसलाई कम प्राथमिकता दिइनु, सचिव महानिर्देशक, आयोजना प्रमुखजस्ता महत्त्वपूर्ण पदका व्यक्तिहरूलाई बारम्बार सरुवा गर्नु, प्रशासनिक नेतृत्वको क्षमता र प्राथमिकताबाट बजेट कार्यक्रम बाहिरिनु, सार्वजनिक खरीद कानूनमा कमजोरी रहनु, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अदालतजस्ता निगरानी निकायको अतिसक्रियता रहनु, खर्च पदाधिकारीहरू जोखिम नलिने अवस्थामा पुग्नु र स्थानीय उपभोक्ता सर्वसाधारणको सहयोग नरहनु पनि हुन् । यसर्थ पूँजीगत खर्च हुन नसक्नुमा नीतिगत होइन, केही प्राविधिक र धेरै व्यावहारिक कारण छन् । कर्मचारीतन्त्रले सक्रियता नदेखाएसम्म पूँजीगत खर्च बढ्ने स्थिति रहन्न । पछिल्लो समय निगरानी र छानबीन निकायले निर्णयकर्तालाई उन्मुक्ति दिने तर प्रक्रियामा रहेकालाई कारबाही गर्ने गरेकाले पनि पूँजीगत खर्च बढाउने उत्साहमा कर्मचारीतन्त्र देखिएको छैन । काम नगर्दा सुरक्षित भइन्छ तर काम गरेमा जोखिम हुन्छ भन्ने भाष्य बनेको छ । यसर्थ प्राविधिक तयारी र कर्मचारीतन्त्रको मनोबल उकास्ने काम अहिलेको आवश्यकता हो । (लेखक नेपाल सरकारका पूर्वसचिव हुन् । रासस)

# भन्सारको 'सेटिङ' भत्काउने काम भएको छ –महानिर्देशक पौडेल

काठमाडौं, ७ माघ/रासस

भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेलले विभिन्न भन्सार नाकाबाट हुने अवैध चोरी, निकासी तथा पैठारी रोक्न तस्करहरूको 'सेटिङ' भत्काइएको बताएका छन् ।

अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा आइतवार विभागले आयोजना गरेको 'आर्थिक पत्रकारसँग भन्सार प्रक्रिया तथा सुधार' विषयक अन्तर्क्रिया कार्यक्रममा उनले भन्सार नाकाबाट हुने सबै अवैध गतिविधि रोक्न नसकिए पनि तस्करको जालो भत्काउन विभाग केही हदसम्म सफल भएको दाबी गरे । यद्यपि सुनलगायतका वस्तु अवैधरूपमा भित्रिरहेकामा त्यसलाई पूर्णरूपमा नियन्त्रण गर्न भने नसकिएको उनले बताए ।

"भन्सार कार्यालयमा हुने विभिन्न खालका सेटिङ भत्काउने काम भइरहेको छ, तर तस्करहरू एक कदमअगाडि छन्, उनीहरू हाम्रा कमजोरी हेरेर योजना बनाउँछन्," पौडेलले भने । अवैध वस्तु भन्सार छलेर कसरी सजिलै भित्रिन्छन् ? भन्ने सञ्चारकर्मीको प्रश्नमा महानिर्देशक पौडेलले अपर्याप्त जनशक्ति तथा प्राविधिक क्षमताको अभाव, कर्मचारीको मिलेमतो, अन्तरनिकाय समन्वय अभावलगायतका समस्या रहेको बताए ।

सबै कर्मचारी राम्रा वा सबै नराम्रा छन् भन्ने पक्षमा आफू नरहेको पनि उनले स्पष्ट पारे । खुला सीमा अर्को चुनौती रहेको उनको भनाइ छ । भन्सार जाँचपास प्रक्रियालाई सहज बनाउन धातु एक्स–रे मेशीन खरीद आवश्यक रहेको पौडेलले बताए ।

त्यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा निकै कम कर्मचारी रहेको उल्लेख गर्दै उनले समग्र निगरानी संयन्त्रमैं समस्या रहेको बताए ।

समग्र शासन प्रणाली सुधार भए भन्सार प्रणाली पनि क्रमशः सुधार हुनेमा उनको जोड थियो । भन्सारका कामकाजलाई बिस्तारै कागजरहित बनाउँदै लगिएको पौडेलको भनाइ छ । पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार सेवा दिन विभाग तयार रहेको उनले बताए । पछिल्लो समय समग्रमा आर्थिक क्रियाकलाप खुम्चिंदा र व्यापार साँघुरिंदा भन्सार राजस्व घटेको उनको भनाइ छ ।

# टिपनटापन

मन्तव्य



कुमारबन्धु रुपाखेती

**सामरिक शक्तिको साथ–साथ चीन अचेल व्यापारी मुलुक पनि बनेको छ। चीननिर्मित सामान विश्वमैं प्रख्यात छ। व्यापारी चीनले दक्षिण एशियामा नेपाल र भारतमा जनैको असाध्यै खपत छ भन्ने थाहा पायो।**

**मन्दिर-मस्जिद**

भारतमा मन्दिर–मस्जिदको विवाद धेरै पुरानो हो। मुस्लिम समुदायले बाबरी मस्जिद भन्दै आएको अयोध्याको त्यो विवादित स्थानलाई भारतीय अदालतले राममन्दिरको नाममा लालमोहर ठोकिदियो। अहिले त्यहाँ बहुचर्चित राममन्दिर निर्माण भएको छ। भाजपाका लालकृष्ण आडवाणीको चलनचल्तीका बखत त्यतिखेरको बाबरी मस्जिदमा भव्य आक्रमण, तोडफोड भएको थियो। अहिले थुप्रै मस्जिदमा हिन्दूहरूले विगतमा हाम्रो थियो भन्ने दाबी र मुद्दा मुकदमा गर्दै आएका छन्। 'अल्लाह अकबर तेरो नाम सबको सन्नति दे भगवान्' भने पनि हिन्दूबहुल भारतमा हिन्दू खतवा प्रस्टै देखिन्छ।

भारतीय काङ्ग्रेसी नेता शशी थरुरले भर्खरै एउटा लेखमा व्यङ्ग्य गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीलाई हिन्दू सम्राट करार गरिदिए। उनलाई सच्चा हिन्दू बनाउने प्रयासको चरम अवस्था आज २२ जनवरीमा प्रदर्शन हुन्छ, जब मोदीले अयोध्यामा नवनिर्मित राममन्दिरको उद्घाटन गर्नेछन्। हुन पनि हो भाजपाले आमनिर्वाचन अघि हिन्दू र सनातनी धर्मको फेरो समातेर निर्वाचनरूपी वैतरणी पार गर्दै आएको छ। यसअघि बनारस र अहिले राममन्दिर भाजपाको चुनावी खेवैया बनेको छ। 'गाय हमारी माता है, हमको कुछ नही आता है' भन्ने ठूलो जमात दक्षिण भारतमा भेटिन्छन्। उत्तर प्रदेशका मुख्यमन्त्री मोदीशिष्य योगी आदित्यनाथले केही समयअघि ठूलै तामझाम गर्दै नेपाल नरेश हिन्दू राजा भन्दै ज्ञानेन्द्र शाहलाई राजकीय सम्मान दिएको चर्चा सेलाएको छैन। सन् २०२४ को चुनाव जित्न भाजपाईहरूले 'कुम्लो बोकी ठिमीतिर भनेझैं' हिन्दुत्वकरणको ठन्डा बस्तालाई गर्माउने पुरानै र बासी विषयलाई तरोताजा गरिरहेका छन्। त्यसो त कुनै बखत भारतमा प्रख्यात कबिराले भनेका छन्–

कबिरा खडा बजार मे
सबकी मांगे खेर।
ना काहू से दोस्ती
ना काहू से बैर।

तर दोस्ती र वैरभाव अहिले निर्वाचनअघि भारतमा छताछुल्ल बनाइएको छ। राममन्दिरको भव्य उद्घाटनपछि सरकारले आमनिर्वाचन गर्ने रणनीति अपनाएको स्पष्ट देखिन्छ।

**राष्ट्रियसभा कि हरुवासभा**

यही माघ ११ गते राष्ट्रियसभामा रिक्त १९ सिटको पदपूर्तिका लागि भर्ना खुलेको छ। जसमा भर्ना हुन विगतका हरुवाचरुवाहरूको चीखपुकार र शोरगुलले मुलुक आक्रान्त बनेको छ। हरुवा गोरुको छेरुवा दाउ। मैट्रिक पास गर्न नसकेकाले कक्षा १२ मा अध्ययन गर्न चाहेझैं विगतको निर्वाचनमा जनताले हकारेकाहरूलाई दलहरूले सकारेस् पठाइरहेको निर्लज्ज दृश्य देखिन थालेको छ। राष्ट्रियसभाको रिक्त खाइलाग्दो पदमा नियुक्ति पाउन हरुवाहरूले जोरजुलुम नै गरेका छन्। यसअघि आफ्नै क्षेत्रमा सिके राउतसँग नराम्ररी पराजित उपेन्द्र यादव पदविना बाँच्न सक्दिनँ भन्दै ठूलै तिकडम भिडाएर बारा २ नं क्षेत्रबाट जालझेल गर्दै (चोरबाटोबाट) प्रतिनिधिसभामा छिरे।

यसरी चुनावमा पराजितहरू त्यो निर्वाचन अवधिसम्म कुनै चुनाव लड्न नपाउने निर्वाचन आयोगले बनाउन खोजेको नियमलाई धूलो चटाउँदै लङ्गौटी लगाउँदै जनमतभन्दा दलमत ठूलो भन्दै चुनौती दिन थालेका छन्। कुनै बखत जनताले हराइदिएका माधव नेपाल यही बाटो हिंडेर प्रधानमन्त्रीसम्म भए। त्यतिखेर पनि एमालेका झलनाथ खनालको विशेष आग्रहमा ललितपुरका एमाले सांसद सुशीलचन्द्र अमात्यलाई राजीनामा गर्न लगाइ माधव नेपाललाई सांसद बनाइएको थियो र पछि पुरस्कारस्वरूप अमात्यलाई हास्यास्पद किसिमले श्रीलङ्काको राजदूत बनाइएको इतिहास छ। कुनै बखत प्रधानमन्त्रीको नियुक्ति पाउन दरबारको गोलचक्कर लगाउने माधव नेपाल भर्खरै परवानीपुरमा फुर्ती लगाउँदै 'यो मुलुक राजा महाराजाको होइन' भन्दै डिङ हाँकेछन्।

'मुस मोटाइ त लोहरा होई' भनेझैं अदना पार्टीका पुड्का नेता माधव नेपाललाई प्रधानमन्त्री पद र ज्ञानेन्द्रलाई महाराजा पद 'आकाशको फल आँखा तरी मर' साबित भएको छ। तर 'कल क्या होगा किसको पता' माधवजी फेरि दौरा सुरुवालमा सजिएर नारायणहिटीमा दाम राखेर दर्शन भेट गर्नुपर्ने अवस्था सिर्जना नहोस्। हेक्का छ कि छैन, हिन्दूवादी, हैकमवादी मोदी, योगीहरू भारतमा पुनः काबिज हुन खोज्दैछन्। नेपालमा पनि राजाको जय जयकार हुँदैछ। राजनीतिक दलका भुस्कौलहरूको भेंडागोठ राष्ट्रियसभाबाट के आशा गर्ने ?

**मालद्वीप्सले तर्सायो**

मालद्वीप्स जस्तो भुसुना राष्ट्रले हात्तीसरहको भारतको सात्तो खाइदिएछ। त्यहाँका बहालवाला तीनजना मन्त्रीले एकै स्वरमा भारतीय प्रधानमन्त्री मोदीको विपक्षमा आगो ओक्लेछन्। एक त निर्वाचन मुखमा छलछाम गरी चुनाव जित्ने बेलामा पडोसी देशका मन्त्रीहरूले स्वरमा स्वर मिलाउँदै मोदीको विपक्षमा बोलेपछि तिल्मिलाएको भारतले आफ्नो दबदबा कायम गर्न 'छोरी कुटेर बुहारी तर्साउने' पारामा त्यहाँको राष्ट्रपतिलाई थर्काउनुसम्म थर्काएर तीनै मन्त्रीको जागीर चट पारिदिए।


साना पडोसी राष्ट्रहरूलाई भारतको विपक्षमा बढ्ता टपरटाँय नबोल्न सन्देश पनि हो यो। मालद्वीप्सका वर्तमान राष्ट्रपति मुइज्जू चीनको नजीक मानिन्छन्। भारतीय समर्थक उम्मेदवारलाई हराएर चीन समर्थक मोइज्जू समूह सत्तामा भर्खरै आएको हो। त्यहाँका मन्त्रीहरूले मोदीलाई तथानाम गाली गर्दा भारतका कुनै राजनीतिक दलहरूले प्रतिवाद गरेनन् तर बम्बईया हीरोहरूले खुलेरै मोदीको पक्षमा बोलेको देख्दा भारतमा राजनीति गर्ने बिंडो अब बम्बईया हीरोहरूले थामेको आभास भयो। नेपाल, भुटान, बङ्गलादेश र मालद्वीप्समा भारतको दबदबा उल्लेखनीय छ। गुजरे वक्तमा त भारतले नेपालको परराष्ट्र र रक्षा मलाई देऊ भन्नेसम्मको तुजुक देखाएको हो। भुटानमा झैं मालद्वीप्समा समेत भारतीय रवैया उस्तै हो।

तर मालद्वीप्सको नयाँ नेतृत्व चीननजीक र भारतसँग टाढा छ। तर भविष्यमा सानो र शान्त मुलुक मालद्वीप्सले यसको खामियाजा भोग्नैपर्छ। मालद्वीप्समा अझै आधुनिक हातहतियारले सुसज्जित भारतीय सेनाको टुकडी बसेको छ। सेना हटाउन भन्दासमेत भारतले अटेर गर्दै आएको छ। आफूले साना दक्षिण एशियाली राष्ट्रहरूको बारेमा मनपर्दो बोल्ने भारत, आफ्नाबारे भने साना मुलुकले अदबका साथ 'तोल मोल के बोल' भन्छ। तर पाकिस्तानले भारतसित 'उँची आवाज मे बात' गरेको यदाकदा सुनिन्छ। सन् १९८८ तिर मालद्वीप्समा विद्रोहीहरूले कब्जा गर्न खोज्दा भारतले सैनिक पठाएर षडचन्त्र निस्तेज पारेको थियो। भारत आजीवन पेन्शन खाएझैं त्यसको भरपाई गर्न चाहन्छ, जुन असम्भव छ।

भारतको सबैभन्दा ठूलो चित्त दुखाइ त कहाँ भने वर्तमान राष्ट्रपति मुइज्जूको दलले 'इन्डिया आउट' भन्ने प्रमुख नारा बनाएर चुनाव जित्यो, किन त्यसो गऱ्यो भन्ने हो। यो नारा चीन निर्मित हो रे ! 'शङ्काको भरमा लङ्काको सर्वनाश' भनेकै यही हो। नारा मात्र होइन, बाहुनहरूले धारण गर्ने जनैसमेत अचेल चीननिर्मित हुन्छ। नेपालमा केही समयअघि निर्मित जनै त्यहाँ बनेर कन्टेनरमा नेपाल आउँछ। लाजमर्दो गोप्य कुरा त के हो भने नेपाल आएको चीननिर्मित जनै नेपालमा खपत हुने कुरै भएन। ती जनै अचेल तस्करीमार्फत भारत र अयोध्यासम्म पुग्दैछ। अहिले अयोध्यामा जनैको धेरै खपत छ। चिनियाँ जनैले नेपाल–भारतको बजार धानेको, जसमा 'मेड इन चाइना' लेखिंदैन। 'जय हो जजमानकी, अपनी देशकी कपडा लगी मुहर जापानकी' जस्तै हो।

सामरिक शक्तिको साथ–साथ चीन अचेल व्यापारी मुलुक पनि बनेको छ। चीननिर्मित सामान विश्वमैं प्रख्यात छ। व्यापारी चीनले दक्षिण एशियामा नेपाल र भारतमा जनैको असाध्यै खपत छ भन्ने थाहा पायो। उसलाई यो पनि ज्ञान छ कि उसको जनै नेपाल हुँदै सजिलै भारत पुग्छ। बस, उसले नेपालमा रेडिमेड जनै कन्टेनर भरेर पठाउन थाल्यो। अनि हिन्दूहरूको पहिचान जनैले नेपाल र भारतका पसलमा भरिन थाल्यो। चिनियाँ जनै चिनिने थुप्रै तरीका छन्। यो रेडिमेड जनै हाम्रा गुरुहरूले बनाएका जनैभन्दा आकर्षक देखिए पनि जनै धारण गर्दा बीचबीचमा धागो टुटेको पाइन्छ, यस्तो बीचबीचमा धागो टुटेको मेशीननिर्मित जनै चिनियाँ हो। चीनबाट सस्तो जनै आउन थालेपछि नेपाली घरेलु जनै महँगो र बिक्न छाडेको छ। वाह ड्रेगन वाह ! मेशीनबाट बनेको चिनियाँ जनै पहिरिएर 'गर्व से कहो हम हिन्दू है' को मजा बेग्लै हुन्छ।

अस्तु।



**पर्यटकीय गाउँ सिक्लेसः** कास्कीको मादी गाउँपालिकामा अवस्थित पर्यटकीय गाउँ सिक्लेस। तस्विरः रासस

## फरक समाचार

# चीसोमा बयर फलको फाइदा

जङ्गली फल बयर स्वादमा अमिलो–मीठो हुन्छ। यो पोषणले भरिपूर्ण हुन्छ। हलुका हरियो रङको यो फल पाकेपछि रातो वा खैरो हुन्छ। बयर वर्षमा एकपटक मात्र फल्छ। वनवासको क्रममा भगवान् रामलाई सबरीले बयर खुवाएकी थिइन्। बयरको प्रयोग आयुर्वेदमा अनेक प्रकारका औषधि बनाउन गरिन्छ।



आयुर्वेदिक महाविद्यालय एवं हस्पिटल लखनउका आयुर्वेदाचार्य डा सर्वेश कुमार भन्छन्– बयर भिटामिन, खनिज र शर्कराको राम्रो स्रोत हो। साथै बयरमा उच्च मात्रामा पोटाशियम, क्याल्शियम राइवोफ्लेविन र थामिन जस्ता तत्त्वहरू पनि पाइन्छन्। यसमा क्यालोरी निकै कम हुन्छ। शरीरलाई ऊर्जा दिने बयरको सेवन सीमित मात्रामा गऱ्यौं भने यसबाट थुप्रै लाभ पाउन सकिन्छ।

**एन्टिअक्सिडेन्टले भरिपूर्णः** भरपूर मात्रामा एन्टिअक्सिडेन्ट तत्त्व पाइने बयरमा भिटामिन सी फ्लेवोनोइट्स र पोली फेनोल्स जस्ता एन्टिअक्सिडेन्ट उच्च मात्रामा पाइन्छन्। यसले शरीरलाई फ्री रेडिकलबाट हुने नोक्सानबाट बचाउन मदत गर्छ। बयर खानाले शरीरमा सुन्निने समस्या कम हुन्छ, हृदय रोगको जोखिम पनि कम गर्छ।

**इम्युनिटी बुस्ट गर्छः** आयुर्वेदाचार्यका अनुसार बयरमा भिटामिन सीको उच्च मात्रा पाइन्छ। भिटामिन सीले शरीरमा रोग प्रतिरोधक क्षमतालाई बढाउँछ। भिटामिन सीले सेतो रक्तकोशिका उत्पादनमा ठूलो भूमिका निर्वाह गर्छ। सेतो रक्तकोशिकाले नै सङ्क्रमणबाट लड्न मदत गर्छ। यसै कारण विज्ञहरूले बयर खाना सल्लाह दिन्छन्।

**मधुमेहलाई नियन्त्रित गर्छः** अस्वस्थकर खानेकुराका कारण प्रायः मानिसहरू टाइप टु डायबिटिजका शिकार हुन्छन्। यदि तपाईं पनि मधुमेहबाट पीडित हुनुहुन्छ भने बयरको सेवन गर्दा निकै लाभ पुग्छ। यसमा पाइने फाइबरले ब्लड सुगर लेभललाई बढ्नबाट रोक्न मदत गर्छ र यसबाट टाइप टु डायबिटिजको जोखिम पनि निकै कम गर्छ।

**हाडको लागि लाभकारीः** राम्रो स्वास्थ्य र फिटनेसको लागि हाड मजबूत हुनु जरुरी छ। यदि तपाईं नियमितरूपले बयरको सेवन गर्नुहुन्छ भने यसबाट अस्टियोपोरोसिससम्बन्धी समस्या हुने सम्भावना निकै कम हुन्छ। अस्टियोपोरोसिसको समस्यामा हाड कमजोर हुन थाल्छ। जसबाट हाड भाँचिने, टुट्ने, फ्रैक्चर हुने सम्भावना बढ्छ।

**वजन कम गर्छ–** डाइटरी फाइबरले भरिपूर्ण भएको कारण बयरको सेवनले मेटाबोलिक रेट बढाउनमा मदत गर्छ। क्रेबिन्ग्स कन्ट्रोल गर्न मदत गर्छ। एन्टिएजिङ र फ्री रेडिकल जस्ता ड्यामेजबाट बचाउन बयरले मदत गर्छ। बयर खाएपछि बढी भोक पनि लाग्दैन। जसले गर्दा वजन घटाउन मदत पुग्छ।

**स्वस्थ मुटुः** बयरमा पाइने फाइटोकन्सिटुएन्ट्सले मुटुको स्वास्थ्य सुधार्ने काम गर्छ, जसबाट मुटुरोगसम्बन्धी जोखिम कम हुन्छ। साथै बयरमा फाइबर उच्च मात्रामा पाउँछ, जसले पाचन प्रक्रिया बलियो हुन्छ। क्रप्सको समस्या टाढा गरी सुन्निएको आन्द्रालाई कम गर्न मदत गर्छ।

# चीसो मौसममा अमृत हो जाइफल

जाइफलको प्रयोग बाजेबज्यैको पालादेखि नै हुँदै आइरहेको छ। यो बच्चाको लागि कुनै चमत्कारी औषधिभन्दा कम होइन। किनभने जाइफलको सेवन गर्नाले रुघाखोकी, अपच, मुखमा खटिरा आउने, पेट र कान दुखाइबाट बचाउँछ।



जाइफलमा एन्टिब्याक्टेरियल र एन्टिबायोटिक गुण पाइन्छ। जसले बच्चाको इम्युनिटी बढाउनुको साथै सङ्क्रमणबाट टाढा राख्छ। यसै कारण आयुर्वेदमा यसको प्रयोग वर्षौंदेखि भइरहेको छ।

भारतको लखनउस्थित बलराम चिकित्सालयका आयुर्वेदाचार्य डा जीतेन्द्र शर्माले चीसो मौसममा बच्चालाई जाइफल चटाउँदा हुने फाइदाबारे यसो भन्छन् :

**रुघाखोकीबाट बचाउँछ–** चीसोमा जाइफल बच्चाको लागि एउटा ठूलो औषधि हो। जसले थुप्रै रोगबाट बचाउँछ। ससाना बच्चाको इम्युनिटी कमजोर भएपछि उनीहरूमाथि रोगको आक्रमण हुन थाल्छ। यस्तोमा जाइफलको सेवन गराउन सकिन्छ। जाइफलले मौसमी सङ्क्रमणको खतरा कम गर्नुका साथसाथै बच्चामा हुने रुघाखोकीबाट पनि जोगाउँछ। किनभने जाइफलको प्रकृति गरम हुन्छ। यो खाएपछि खोकीमा पनि आराम हुन्छ। यसलाई पिसेर महमा मिलाएर बच्चालाई चटाउनुपर्छ। जाइफलको धूलोलाई घ्यूमा मिलाएर छातीमा मल्दा छातीको जकडन कम हुन्छ।

**अपचमा राहतः** डा जीतेन्द्र भन्छन्– चीसोमा बच्चालाई जाइफल सेवन गराउँदा अपचमा राहत पुग्छ। प्रायः बच्चालाई अपचको समस्या भइरहन्छ। त्यस बेला जाइफलको प्रयोग गर्नुपर्छ। जाइफललाई कुटेर यसमा घ्यू वा मह मिलाएर बच्चाको नाइटोमा लगाउनुपर्छ। यसबाट पेटको समस्या टाढा हुन्छ, साथै बच्चाको मेटाबोलिज्म तीव्र हुन्छ।

**मुखको घाउ खटिरा निको गर्छः** बच्चालाई मुखमा खटिरा आउने समस्या भइ नै रहन्छ। त्यति बेला उनीहरूलाई खानपिनमा निकै समस्या हुन्छ। यदि बच्चाको मुखमा खटिरा आएको छ भने जाइफल र मिश्री मिलाएर बच्चालाई दिनुपर्छ। यसबाट पेटले चीसो प्राप्त गर्छ र मुखको घाउ खटिरा निको हुन्छ। सानो बच्चालाई जौको पानी, मिश्री र जाइफलको धूलो दिंदा पनि राहत पुग्छ।

**कान दुखाइमा राहतः** बच्चालाई कान दुख्ने समस्या छ भने जाइफल खुवाउन सकिन्छ। जाइफलमा एन्टिइन्फ्लेमेटरी गुण हुन्छ, जसबाट कान दुखाइ र सुन्निंदा आराम पुग्छ। यसको एन्टिब्याक्टेरियल गुणबाट कानको फोहोर सफा हुन्छ र जाइफललाई पिसेर लेप बनाउने र त्यो लेप बच्चाको कानको पछाडि दल्नुपर्छ। यसबाट कान दुखाइ र सुन्निएको कम हुन्छ। साथै तोरीको तेलमा जाइफल मिसाएर बच्चाको कानमा चुहाउनुपर्छ।

**भोक बढाउँछः** डा जीतेन्द्र शर्मा भन्छन्– दूधमा जाइफल मिलाएर पिलाउँदा बच्चाको भोक बढ्छ, मेटाबोलिजम तीव्र हुन्छ। जाइफल खाएपछि इम्युनिटी पनि मजबूत हुन्छ र पाचन प्रक्रियामा पनि सुधार आउँछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इराकस्थित अमेरिकी नेतृत्वको गठबन्धन शिविरमा आक्रमण

वाशिङ्टन, ७ माघ/एएफपी

इरानसमर्थित लडाकू समूहले पश्चिमी इराकमा रहेको अमेरिकी सेनाको नेतृत्वमा रहेको सैन्य शिविरमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गर्दा एक इराकी र केही अमेरिकी हताहत भएको अमेरिकी केन्द्रीय कमाण्डले जनाएको छ।


अल असद एयरबेसमा अमेरिकी ड्रोन। तस्वीरः एएफपी

पश्चिमी इराकमा इरानसमर्थित लडाकूले अल असद एयरबेसलाई लक्षित गरी धेरै ब्यालेस्टिक क्षेप्यास्त्र र रकेट प्रहार गरेका सेन्टकमले उल्लेख गरेको छ।

अधिकांश क्षेप्यास्त्र शिविरको हवाई प्रतिरक्षा प्रणालीले रोकेको थियो तर 'अन्य केही शिविरमा खस्दा' केही अमेरिकी कर्मचारीलाई चोट लागेको बताइएको छ।

अमेरिकी केन्द्रीय कमान्डद्वारा शनिवार जारी विज्ञप्तिमा भनिएको छ, "धेरै अमेरिकी कर्मचारीलाई चोटपटक लागेको हुन सक्ने अनुमानपछि उनीहरूको स्वास्थ्य परीक्षण भइरहेको छ। घटनामा कम्तीमा एकजना इराकी सैनिक घाइते भएका छन्।"

गत अक्टोबरको मध्यदेखि इराक र सिरियामा इस्लामिक स्टेट समूहका जिहादीविरुद्ध लड्न तैनाथ अमेरिकी तथा गठबन्धन सेनामाथि दर्जनौं आक्रमण भएका छन्।

गाजा द्वन्द्वमा इजरायललाई अमेरिकी समर्थनको विरोध गर्ने इरानसम्बद्ध सशस्त्र समूहहरूको खुला गठबन्धन 'इस्लामिक रेजिस्टेन्स इन इराक'ले आक्रमणको दाबी गरेको छ।

उक्त समूहले शनिवार एक प्रेस विज्ञप्ति जारी गर्दै पछिल्लो आक्रमण गरेको जनाएको छ।

ब्यालेस्टिक क्षेप्यास्त्रको प्रयोगले इराक र सिरियामा अमेरिकी सेनामाथिको आक्रमणमा वृद्धि भएको सङ्केत गरेको छ, जसलाई पहिले कम प्रविधिको रकेट र ड्रोनले निशाना बनाइएको थियो।

गत अक्टोबर ७ मा इजरायल र हमासबीच युद्ध शुरू भएपछि मध्यपूर्वमा तनाव बढिरहेका बेला शनिवार हवाई आक्रमण भएको हो।

सिरियाको दमास्कसमा शनिवार भएको आक्रमणमा इरानको इस्लामिक रिभोल्युशनरी गार्ड कोरका पाँच सदस्यको पनि मृत्यु भएको थियो।

गत सोमवार साँझ इरानले उत्तरी इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रमा यहुदी शासन (मोसाद)का गुप्तचरहरूले प्रयोग गरेको स्थललाई लक्षित गरी घातक आक्रमण गरेको थियो।

वाशिङ्टनले कैयौंपटक आक्रमणहरू गरेको छ, जुन उसले थप वा जारी आक्रमणहरू रोक्नको लागि भएको बताएको छ।

पेन्टागनका अनुसार अक्टोबरको अन्त्यदेखि यसअघिका आक्रमणमा दर्जनौं अमेरिकी सैनिक सामान्य घाइते भएका छन्।

इराकमा करीब अढाई हजार र सिरियामा करीब ९०० अमेरिकी सैनिक छन्। रासस

## निर्वाचनमा थप ढिलाइ हुनु पाकिस्तानका लागि हानिकारक -पूर्वप्रम शरीफ

इस्लामाबाद, ७ माघ/एएनआई

पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन)का अध्यक्ष शहबाज शरीफले आसन्न निर्वाचन स्थगित गर्नु देशकै लागि हानिकारक हुने बताएका छन्। पाकिस्तानी सञ्चारमाध्यमलाई दिएको अन्तर्वार्तामा पाकिस्तानका पूर्वप्रधानमन्त्रीसमेत रहेका शरीफले अहिले चुनावमा ढिलाइ गर्नु पाकिस्तान र लोकतन्त्रका लागि हानिकारक हुने बताएका छन्। उनले पिएमएल-एनले आफ्नो चुनावी अभियान शुरू गरिसकेको बताउँदै आफ्नो दलले चुनाव सार्ने कुनै पनि बहाना अस्वीकार गर्ने बताए।

उनले १३ दलीय गठबन्धनको प्रशासनले १६ महीनाको कार्यकालमा देशलाई आर्थिक अभावबाट जोगाएको दाबी गरे।

शहबाजले भने-"यदि मे ९ को घटना नभएको भए पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई)का संस्थापक एवं पूर्वप्रधानमन्त्री इमरान खान जेलमा बस्नुपर्ने थिएन।"

गत हप्ता पिएमएल-एनका अध्यक्ष शरीफले फेब्रुअरी ८ मा हुने 'अति महत्त्वपूर्ण' आमनिर्वाचनले पाकिस्तानको भाग्य निर्धारण गर्ने घोषणा गर्दै इतिहासको विश्लेषण गरेर 'भविष्यको नक्शा' बनाउन मानिसलाई प्रोत्साहित गरेको एआरवाई न्युजले जनाएको छ।

एआरवाई न्युजका अनुसार पिएमएल-एनले पार्टीका वरिष्ठ नेता नवाज शरीफ, मरियम नवाज र हम्जा शहबाजको नेतृत्वमा चुनावी अभियान शुरू गरिसकेको छ।

शरीफले पूर्वप्रधानन्यायाधीश साकिब निसारलाई 'प्यादा'को संज्ञा दिंदै आफ्नो नेतृत्वको प्रशासन हटाउन उनलाई प्रयोग गरिएको दाबी गरे। रासस

## उत्तर कोरियाली संसद्का पूर्वअध्यक्ष थाई बोकको निधन

सियोल, ७ माघ/एएफपी

उत्तर कोरियाली संसद्का पूर्वअध्यक्ष चो थाई बोकको शनिवार निधन भएको छ।

सरकारी समाचारपत्र रोडोङ सिनमुनका अनुसार चोको हृदयाघातका कारण निधन भएको हो। उनी ९३ वर्षका थिए। उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन संसद्का पूर्वअध्यक्ष चोको अन्त्येष्टि समारोहमा सहभागी भएका थिए।

किम आइतवार बिहानै सत्तारूढ वर्कर्स पार्टीका पदाधिकारीसहित चोको निवासमा पुगी अन्त्येष्टि समारोहमा सरिक भई उनको मृत्युप्रति गहिरो समवेदना व्यक्त गरेका थिए।

"किम जोङ उनले वर्कर्स पार्टी र सरकारी संयन्त्र विकासका लागि पवित्र सङ्घर्षमा विशिष्ट उपलब्धि हासिल गर्ने चोप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभयो"- उत्तर कोरियाली नेताको आधिकारिक नामको संक्षिप्त रूप प्रयोग गर्दै विज्ञप्तिमा रोडोङ सिनमुन पत्रिकामा भनिएको छ।

प्रतिवेदनमा चोलाई 'राष्ट्रपति किम इल सुङ र अध्यक्ष किम जोङ इलप्रति वफादार क्रान्तिकारी योद्धा'का रूपमा वर्णन गरिएको छ।

सन् १९९८ मा सर्वोच्च पिपुल्स एसेम्बली (एसपिए)को अध्यक्षमा निर्वाचित भएका चो, सन् २०१९ मा अवकाश नपाउन्जेल उत्तर कोरियाको संसद्मा सबैभन्दा लामो समयसम्म सेवा गर्ने अध्यक्षका रूपमा चिनिन्छन्।

जर्मन, रूसी र अङ्ग्रेजी भाषामा निपुण चो, उत्तर कोरियाको तथ्याङ्कबारे अनुसन्धान र विश्लेषण गर्ने अनलाइन वेबसाइट एनके लिडरशिप वाचका अनुसार नियमितरूपमा उत्तर कोरिया बाहिर भ्रमण गर्दै आएका थिए।

वेबसाइटका अनुसार चोको किमकी शक्तिशाली काकी किम क्योङ हुईसँग घनिष्ठ सम्बन्ध थियो भने उनका पति जाङ सोङ थाइकलाई सन् २०१३ मा मृत्युदण्ड दिइएको थियो।

सन् २०२२ को सेप्टेम्बर ९ मा उत्तर कोरियाको स्थापना दिवसको उपलक्ष्यमा आयोजित एउटा कार्यक्रममा चोको अन्तिम सार्वजनिक उपस्थिति देखिएको थियो। रासस

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## गृहमन्त्रीद्वारा सर्लाही कारागारको उद्घाटन

नितेश कर्ण, वीरगंज, ७ माघ/

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सर्लाही जिल्ला कारागारको आइतवार उद्घाटन गरेका छन्।


तस्वीरः प्रतीक

२०७२ सालमा शहरी विकास मन्त्रालय अन्तर्गतको सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनुषाले कारागार भवन निर्माणको कार्य प्रारम्भ गरेको थियो। आयोजनाले तीन चरणमा कारागार भवनको निर्माण कार्य सम्पन्न गरेको छ। पहिलो चरणमा चारवटा बुजी घर (सेन्ट्री पोस्ट) र सेक्युरिटी वालको काम सम्पन्न गरिएको थियो।

त्यस्तै, दोस्रो चरणमा मुख्य संरचना अन्तर्गत सुरक्षाकर्मीका लागि ब्यारेक ब्लक, महिला र पुरुष कारागार ब्लक, महिला र पुरुषका लागि छुट्टाछुट्टै भेटघाट कक्ष, गार्ड हाउस, कैदीका लागि क्यान्टिन ब्लक, आर्थिक क्रियाकलापको लागि पसल, कारागारभित्र हस्तकलाको सामग्री उत्पादनको लागि वर्कशप एरिया, महादेव मन्दिर, शौचालय ब्लक, गोलघर निर्माणलगायतका कार्य सम्पन्न भएका थिए।

त्यसैगरी, तेस्रो चरण अन्तर्गत चालू आर्थिक वर्षमा कारागारलाई तत्काल

(बाँकी अन्तिम पातामा)

## बरहथवामा ऐलानी जग्गाको नापजाँच शुरू

नितेश कर्ण, वीरगंज, ७ माघ/

सर्लाहीको बरहथवा नगरपालिकामा भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीलाई जमीनको स्वामित्व दिलाउन ऐलानी जग्गा नापजाँच शुरू भएको छ।

शनिवारदेखि बरहथवा नगरपालिका-१ बाट भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीलाई जमीनको स्वामित्व दिलाउनका लागि ऐलानी जग्गा नापजाँच शुरू गरिएको नपाले जनाएको छ। नगरप्रमुख कल्पनाकुमारी कटुवालले वडा नं १ बाट जग्गा नापजाँचको काम शुरू गरिएको बताइन्। उनले नगरपालिकाले राष्ट्रिय भूमि आयोग र नापी कार्यालयसँग समन्वय गरी जग्गा नापजाँच गरिरहेको बताइन्।

नगरप्रमुख कटुवालले नगरका १८ वटै वडामा क्रमिकरूपमा काम अघि बढाउने बताइन्। जग्गा नापजाँचपश्चात् नक्शा प्रमाणीकरण गरेर जग्गाधनी पुर्जा दिइने उनले बताइन्।


तस्वीरः प्रतीक

उपप्रमुख रामबाबूप्रसाद साहले जग्गा नापजाँचको काम अगाडि बढेसँगै नगरका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासी जमीनका मालिक बन्ने बताए।

राष्ट्रिय भूमि आयोग, सर्लाहीका अध्यक्ष चन्द्रप्रसाद वाग्लेले बरहथवा नगरमा ऐलानी जमीन नापजाँच शुरू भएसँगै आयोगको कामकाज अघि बढेको बताए। भूमि आयोगको काम अघि बढेर कार्यान्वयनमा आएसँगै बरहथवामा साढे चार हजारभन्दा बढी परिवार जमीनको मालिक बन्ने उनले बताए।

यसअघि ईश्वरपुर, हरिवन, लालबन्दी र बाग्मतीसहितका पालिकाको ऐलानी जमीन नापजाँच शुरू भइसकेको छ।

## मृत अवस्थामा चितुवा फेला



प्रस, निजगढ, ७ माघ/

निजगढ नगरपालिका-४ स्थित बागभैरव सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा आइतवार मृत अवस्थामा चितुवा फेला परेको छ।

सो वन समूह र जनजागृति सामुदायिक वन उपभोक्ता समूहको सिमानामा पर्ने जलोकी खोल्सीमा मृत अवस्थामा चितुवा देखेको खबर पाएपछि उक्त स्थानमा आफूसहित वनका पदाधिकारीहरू पुगी सरोकारवाला निकाय तामागढी सबडिभिजन र डिभिजन वन कार्यालयमा खबर गरेको सो वन समूहका अध्यक्ष अमर स्याङ्तानले बताए।

करीब सात फिट लम्बाइ र अढाई फिट उचाइ रहेको वृद्ध अवस्थाको सो चितुवाको प्रकृति हेर्दा कालगतिले मृत्यु भएको देखिन आएको डिवका, बाराका प्रवक्ता जवाहरलालप्रसाद कुर्मीले बताए। सो मृत चितुवा कानूनी प्रक्रिया पूरा गरी डिवका परिसरमा गाडिएको कुर्मीले बताए।

## स्वर्णजयन्ती भव्यरूपमा मनाइने

प्रस, निजगढ, ७ माघ/

निजगढ नगरपालिका-८ स्थित


तस्वीरः प्रतीक

गौरीशङ्कर माविको स्वर्णजयन्ती माग १० गते भव्यरूपमा मनाइने आइतवार पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ।

कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे सहभागी रहेको पत्रकार सम्मलेनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविराज बर्तौलाले कार्यक्रमलाई भव्य, सभ्यरूपमा सफल बनाउने योजनाका साथ विद्यालयले सम्पूर्ण तयारी पूरा गरिसकेको जानकारी दिए।

कार्यक्रममा विद्यालयका संस्थापक सदस्यहरू, अन्य सहयोगी व्यक्तिहरू, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षहरू, पूर्वप्रधानाध्यापकहरू, छात्रवृत्ति कोषका सञ्चालकहरू, २० वर्ष सेवा गर्ने शिक्षक तथा कर्मचारीहरू, अङ्ग्रेजी माध्यमको कक्षाका संस्थापक शिक्षकहरू, विद्यालयमा अध्ययन गरेका वर्तमान, पूर्वमन्त्री, सङ्घीय तथा प्रदेश सांसदहरू, कक्षा ११ र १२ स्थापनार्थ महत्त्वपूर्ण आर्थिक सहयोग गर्ने दाताहरू, नेपाल सरकारका विशिष्ट र राजपत्राङ्कित प्रथम श्रेणी र सो सरहका वर्तमान र पूर्वकर्मचारीहरू, विद्यावारिधि उपाधि हासिल गर्ने व्यक्तिहरू, एमबिबिएस गर्ने व्यक्तिहरू, विशिष्ट राजनीतिक नियुक्ति लिने व्यक्तिहरू, राष्ट्रियस्तरका खेलाडीहरू,

(बाँकी अन्तिम पातामा)

### निर्वाचित ...

१५ प्रतिशत ४० वर्षमुनिका युवाको प्रतिनिधित्व गर्न निर्देशन दिएको छ। प्रतिनिधि हुनका लागि कम्तीमा दुई वर्ष पार्टी सदस्य भएको हुनुपर्ने उल्लेख गरिएको छ। एमाले केन्द्रले आगामी जेठभित्र जिल्ला अधिवेशन सक्न निर्देशन दिएको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सम्मानप्राप्ति |
| मिथुन – खर्चवृद्धि | कर्कट – आरोग्यता |
| सिंह – पदोन्नति | कन्या – ईश्वरभक्ति |
| तुला – धनहानि | वृश्चिक – नारीसुख |
| धनु – अल्पलाभ | मकर – सन्तानसुख |
| कुम्भ – वाहनखर्च | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# सोमवार सीतारामको झाँकी, महायज्ञ र दीप प्रज्वलन कार्यक्रम

नितेश कर्ण, वीरगंज, ७ माघ/

हिन्दू परिषद् नेपालले आइतवार नेपाल पत्रकार महासङ्घ, पर्सामा पत्रकार सम्मेलन गरी सोमवार वीरगंजमा झाँकी प्रदर्शन गर्ने जनाएको छ ।

हिन्दू परिषद् नेपालका अध्यक्ष बृजेश मल्लिकले सोमवार बिहान ८ बजे घण्टाघरबाट भगवान् रामसीताको विभिन्न झाँकीसहित नगरपरिक्रमा गर्ने बताए ।

उनले अयोध्याबाट आएको चिठीलाई वीरगंजको घरघरमा पुर्‍याएको र माघ ८ गते साँझ घरघरमा दीप प्रज्वलन गरिने बताए ।

भारतको अयोध्यामा राममन्दिरको प्राणप्रतिष्ठा हुने दिन जय श्रीराम नाम


तस्वीरः प्रतीक

जप गर्दै वीरगंजको मुख्य सडकमा यसको प्रत्यक्ष प्रसारण गरिने बताए ।

त्यस्तै, गायत्री परिवार पर्साले वेद माता गायत्री शक्तिपीठ छपकैयामा पाँच कुण्डीय गायत्री महायज्ञ गरिने सचिव छोटेलाल प्रसादले बताए । सो दिन गहवामाई मन्दिरमा पनि सवा लाख दीप प्रज्वलन गर्ने कार्यक्रम रहेको छ ।

## पर्सागढीमा जाडो बिदा थप

बलिराम शुक्ल, बिरुवागुठी, ७ पुस/

शीतलहरको कारण चीसो झनै बढ्न थालेपछि पर्सागढी नगरपालिकाले तेस्रोपटक सूचना निकाली सामुदायिक तथा संस्थागत विद्यालयमा थप जाडो बिदा दिएको छ ।

पालिकाले आइतवार सूचना जारी गर्दै बढ्दो चीसोको कारण बालबालिकामा पर्न सक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै माघ ८ देखि माघ १२ गतेसम्म पालिकाका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको पठनपाठन बन्द गर्न सूचना जारी गरिएको पर्सागढी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद पौडेलले बताएका छन् ।

## समाजवादी प्रेस सङ्गठनको अधिवेशन गर्ने निर्णय


तस्वीरः प्रतीक

प्रस, पर्सागढी, ७ माघ/

समाजवादी प्रेस सङ्गठन नेपाल, पर्सा कार्यसमितिको आइतवार बसेको बैठकले यही माघ १२ गते जिल्ला सम्मेलन गर्ने निर्णय गरेको छ । सङ्गठनका सचिव अजय चौरसियाको अध्यक्षतामा बसेको बैठकले माघ १२ गते जिल्ला सम्मेलन गर्ने र सोको तयारीको लागि आसमहमद मियाँको संयोजकत्वमा आयोजक समिति गठन गरेको छ। बैठकमा पार्टी सचिवालय सदस्य राघव साह, युवा सङ्गठन सचिवालय सदस्य अनिल पटेल, जिल्ला कमिटी सदस्य आकाश पटेल, मेवालाल साहलगायतको सहभागिता थियो ।

## निश्शुल्क आँखा परीक्षण

प्रस, वीरगंज, ७ माघ/रासस

साहिब दरबार सेवा संस्थानको आयोजनामा वीरगंज महानगरपालिका–१७ अलौंमा निश्शुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको छ । वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविरमा २३१ जनाको आँखा परीक्षण गर्दा ५४ जनामा मोतीबिन्दु भेटिएको थियो ।

उनीहरूको बुधवार निश्शुल्क शल्यक्रिया गरिने अस्पतालका सञ्चालक महेशसिंह धामीले बताए ।

शिविरमा वडाध्यक्ष सञ्जीवबहादुर छतकुली, साहिब दरबार सेवा संस्थानका लक्ष्मीदेवी चौरसिया, हफिज मियाँ, नीरज चौधरी, वीरेन्द्र पटेललगायतको सहभागिता थियो ।

## ठोरीमा गाँजाखेती नष्ट



प्रस, वीरगंज, ७ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले ठोरी गाउँपालिका–४ मा अवैध गाँजाखेती नष्ट गरेको जनाएको छ ।

इलाका प्रहरी कार्यालय, ठोरीको टोलीले सो वडामा दुई कट्ठामा लगाइएको गाँजाखेती फँडानी गरेर नष्ट गरेको जिप्रका, पर्साले जनाएको छ ।

## आलु/प्याज लोड ट्रक प्रहरी नियन्त्रणमा

प्रस, वीरगंज, ७ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी आलु र प्याज लोड एउटा मिनीट्रक नियन्त्रणमा लिएको छ।

हिजो राति ९:३० बजे वीरगंजबाट मकवानपुरतर्फ जाँदै गरेको बा.प्र.०३–००१ ख ०३३२ नम्बरको मिनीट्रकलाई वीरगंज–६ मीनाबजारमा चेकजाँच गर्ने क्रममा बिलबीजकभन्दा बढी आलु, प्याज लोड रहेको आशङ्कामा मिनीट्रक नियन्त्रणमा लिएको पर्सा प्रहरीले जनाएको छ ।

नियन्त्रणमा लिएको मिनीट्रक आज आवश्यक अनुसन्धानको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया चलान गरिएको सो कार्यालयले जनाएको छ ।






# खेलकूदको संसार

## एनआई कपः ज्ञानदा र नेशनल एकेडेमी विजयी

प्रस, वीरगंज, ७ माघ/

नेशनल इनफोटेक (एनआई) कप–२०८० अन्तरकलेज टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवार भएका दुई खेलमा ज्ञानदा एकेडेमी र नेशनल एकेडेमी विजयी भएका छन् ।


तस्वीरः प्रतीक

आज भएको पहिलो खेलमा ज्ञानदा एकेडेमीले सेन्ट जेभियर्स माविलाई ७९ रनअन्तरले पराजित गरेको छ । टस जितेर ब्याटिङ गरेको ज्ञानदाले १९.२ ओभरमा पूरै विकेट गुमाइ १३८ रन बनाएको थियो । ज्ञानदाका धीरज पटेलले ४७, परवेज आलमले २२ र कन्हैयाकुमार साहले २० रन बनाएका थिए । त्यस्तै, सेन्ट जेभियर्सका हिमांशु गुप्ता, सन्देशकुमार पटेल र राजु महतोले दुई/दुई विकेट लिएका थिए ।

१३९ रनको विजयी लक्ष्य लिएको सेन्ट जेभियर्सले १७.३ ओभरमा पूरै विकेट गुमाउँदै ५९ रनमैं अलआउट भयो। सेन्ट जेभियर्सका हिमांशु गुप्ताले १४ र सन्देशकुमार पटेलले १२ रन बनाएका थिए। ज्ञानदाका इमरोज आलम र परवेश आलमले क्रमशः तीन/तीन विकेट लिएका थिए। यस खेलको 'म्यान अफ दी म्याच' ज्ञानदाका परवेज आलम घोषित भए ।

यसैगरी, आज भएको दोस्रो खेलमा अल्पाइन माविलाई नेशनल एकेडेमीले १० रनअन्तरले पराजित गरी विजयी भयो। टस जितेर ब्याटिङ गरेको नेशनल एकेडेमीले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर ११६ रन बनाएको थियो । नेशनलका अर्जुन यादवले ४४ र रोहित श्रीवास्तवले ४३ रन बनाएका थिए भने अल्पाइनका नवराज अधिकारीले चार, रञ्जीत चौहान र रामप्रीत चौधरीले एक/एक विकेट लिएका थिए ।

प्रतिउत्तरमा अल्पाइन मावि १०६ रनमा अलआउट भयो । अल्पाइनका मनीष पटेलले ४९ र इसार अहमदले १६ रन बनाएका थिए। नेशनलका वीरेन्द्रसाह कानूले तीन र शनिकुमार कलवारले दुई विकेट लिएका थिए। यो खेलको 'म्यान अफ दी म्याच' नेशनल एकेडेमीका अर्जुन यादव घोषित भएको एनआई कलेजका प्रबन्ध निर्देशक मनीष सिंहले बताए ।

## प्याब्सन टी–२० : मनकामना मावि विजयी

प्रस, वीरगंज, ७ माघ/

आठौं प्याब्सन टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवार भएको खेलमा मनकामना मावि विजयी भएको छ।

आदर्शनगर क्रिकेट मैदानमा आज भएको पहिलो खेलमा मनकामना माविले अल्पाइन माविलाई २४६ रनको फराकिलो अन्तरले पराजित गर्‍यो ।

टस जितेर ब्याटिङ गरेको मनकामनाले पूरै ओभर खेलेर छ विकेटको क्षतिमा २९४ रन बनाएको थियो। मनकामनाका असानुल हकले ८४, राहुल ठाकुरले ५५ र सन्नी कुशवाहाले ३९ रन बनाएका थिए । अल्पाइनका अभिराज यादव र आदित्यराज पाण्डेले दुई/दुई विकेट लिएका थिए ।

प्रत्युत्तरमा अल्पाइनले निर्धारित ओभरमा नौ विकेट गुमाउँदै ४८ रनमा सीमित भयो । अल्पाइनका आलोक पटेल नटआउट हुँदै १० रन र मनीष यादवले पाँ रन बनाएका थिए। मनकामनाका रोबिन कुमालले पाँच विकेट लिएका थिए भने सलमान मलिकले तीन विकेट लिए । यस खेलको 'म्यान अफ दी म्याच' मनकामनाका असानुल हक घोषित भएको प्रतियोगिताका संयोजक अमित आलोकले बताए ।

## प्रधानमन्त्री कप क्रिकेट : गण्डकी प्रदेश विजयी

काठमाडौं, ७ माघ/रासस

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवार भएको खेलमा गण्डकी प्रदेशले कोशीलाई १४२ रनको भारी अन्तरले पराजित गर्दै विजयी भएको छ ।

जीतको लागि १६८ रनको विजयी लक्ष्य पछ्याएको कोशी प्रदेश १५ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै कुल २५ रनमा समेटियो । कोशीका लागि कुनै पनि ब्याट्सम्यानले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । कोशीका कप्तान अङ्कित सुवेदीले आठ रन जोडे भने कमल खत्रीले पाँच, आशिष भट्टराई र अभ्यास तिमिल्सिनाले समान तीन/तीन रन जोडे । बलिङततर्फ गण्डकी प्रदेशका विपिन खत्री एक्लैले छ विकेट लिए भने सन्दीप पराजुलीले तीन र अङ्कित न्यौपानेले एक विकेट लिए ।



तस्वीरः सौजन्य

त्यसअघि मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको गण्डकीले ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै १६७ रनको योगफल बनायो । गण्डकीका लागि मुस्कान थापाले ६७ रनको योगदान दिए । उनले १२२ बल खेल्दै सात चौकाको मदतमा ६७ रन बनाएका हुन् । त्यसैगरी, कप्तान विपिन खत्रीले ४२ रन बनाए भने कमल परियारले १३ रन जोडे ।

कोशी प्रदेशका अभ्यास तिमिल्सिनाले छ विकेट लिए भने सन्दीप पराजुलीले तीन तथा अङ्कित न्यौपानले एक विकेट लिए। यस जीतसँगै गण्डकीले पहिलो जीत दर्ता गराएको छ। गण्डकीले चार खेलमा दुई अङ्क जोडेको छ। छैटौं खेलमा पनि पराजित भएको कोशी प्रदेश भने अङ्कविहीन छ ।


## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
- यसले तपाई र तपाईको परिवारलाई असर पुर्‍याउँछ ।

त्यसैले,

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


### गृहमन्त्रीद्वारा ...

सञ्चालनमा ल्याउन आवश्यक तीनवटा टयुबवेल जडान, चारवटा बुजी घर जाने पहुँच बाटो ढलान, पुरानो प्रशासनिक भवनको मर्मत तथा रङ्गरोगन तथा फिनिसिङ कार्य गरिएका छन् ।

कुल रु चार करोड ४५ लाख २७ हजार ६८७ रुपियाँको लागतमा निर्माण भएको कारागार भवनमा पुरुष १६० र महिला ५० जना गरी जम्मा २१० जना कैदीबन्दी राख्ने क्षमता रहेको शहरी विकास तथा भवन निर्माण विभाग सङ्घीय आयोजना कार्यालय एकाइ जनकपुरका प्रमुख प्रदीप खनालले बताए ।

### स्वर्णजयन्ती ...

राष्ट्रियस्तरका उद्यमी, कलाकार, साहित्यकारहरू, पूर्वविद्यार्थी पत्रकारहरू, कार्यरत उत्कृष्ट शिक्षक, कर्मचारीहरूलाई यसै स्वर्णजयन्तीको अवसर भव्यरूपमा सम्मान गर्नेगरी तयारी भएको विद्यालयका शिक्षक अभिभावक सङ्घका अध्यक्ष दीपक सापकोटाले जानकारी दिए ।

पत्रकार सम्मेलनमा एक सातादेखि निरन्तर विद्यालयले सरसफाइ कार्यक्रम, विभिन्न अतिरिक्त क्रियाकलापहरूसँगै खेलकूद, सांस्कृतिक कार्यक्रमलगायतका प्रतियोगिता सम्पन्न गरिसकेको विद्यालयका प्रअ बद्रीनारायण झाले जानकारी दिए ।

आज दलित विद्यार्थीहरूलाई न्यानो कपडा र स्कूल ब्याग जिल्ला समन्वय समिति, बाराकी उपाध्यक्ष चण्डिका उप्रेतीले वितरण गरेकी थिइन् । विद्यालय परिसरलाई आकर्षक बनाउन भित्तेचित्रसमेत कोरिएको छ । स्वर्णजयन्ती सम्पन्न गर्न २५ लाख खर्च हुने अनुमान रहेको विद्यालयका लेखापाल रुद्र धितालले जानकारी दिए ।